का.जि.प्र.का.द.नं. १००/०५२/६०
१७ भदौ २०८३
बुधबार
2 September 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

राहत पुऱ्याउने प्रयास जारी

राजाराम बस्नेत
प्रवक्ता, नेपाली सेना

सुरुमा हामीले व्यववस्थापन गरेका थियौं। अहिले जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत राहत वितरणका सबै काम भइरहेको छ। रसुवाको हकमा सशस्त्र प्रहरी बलले जिम्मा लिएको छ।

नरेन्द्र परियार
प्रजिअ, रसुवा

दुर्गम भूगोल र सडक सञ्जालसमेत टुटेको अवस्थामा विस्थापित परिवारलाई सेल्टर र राहत पुऱ्याउन कठिन थियो, अब बिस्तारै सहज हुँदै छ।

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत
विदुर नगरपालिका

सडक र पुल नहुँदा त्रिशूली नदीको पारिपट्टिको भूगोलमा राहत पुऱ्याउन सकिएको छैन। ग्यास सटेज भएकाले पकाएर खानसमेत समस्या छ।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १६ भदौ

भोटेकोशीमा आएको विनाशकारी बाढीबाट पीडित नागरिकले सात दिन बित्दासम्म सेल्टर र राहत पाउन सकेका छैनन्। सरकारले हेलिकोप्टरमार्फत पर्याप्त राहत सामग्री पठाएको दाबी गरे पनि बाढीले बगाएर बाँच्न सफल भएका नागरिकले भने पर्याप्त खाद्यान्न तथा औषधि नपाएको गुनासो गरिरहेका छन्।

राहत वितरणमा सरकारले लिएको एकद्वार नीतिका कारण पनि पीडितले समयमै राहत नपाएका हुन्। यसअघिका विपत्तिमा विभिन्न व्यक्ति तथा संघ-संस्था राहत लिएर फिल्डमा पुग्थे। यसपटक उनीहरूलाई रोक लगाएका कारण लामो समयसम्म पीडितले राहत नपाउने अवस्था आएको रसुवाका प्रतिनिधिसभा सदस्य मोहन आचार्यले बताए।

पीडित परिवारलाई चामल, दाल, तेल, नुनसँगै खाना पकाउने ग्यास, पेट्रोल र तरकारीको अभाव देखिएको छ। बाढीको प्रत्यक्ष क्षतिबाट बाँचेकाहरूका लागि उद्धारपछि अर्को संकटका रूपमा खाद्यान्न र औषधि अभाव हुन थालेको स्थानीय जनप्रतिनिधि तथा राजनीतिक दलहरूले बताएका छन्। सरकारले पठाएको राहत सामग्री सेनाको ब्यारेकमै थन्क्याएर राखिएको आरोप समेत लाग्न थालेको छ। तर, सेनाले भने सुरुको चरणमा बाहेक राहत वितरणको काम नगरेको बताएको छ। नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले भने, 'हामीले सुरुमा व्यववस्थापन गरेका थियौं। अहिले जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत नै सबै राहत वितरण भइरहेको छ। रसुवाको हकमा सशस्त्र प्रहरी बलले जिम्मा लिएको छ।'

रसुवाको स्याफ्रुबेसी, टिमुरेबाट उद्धार भएका एक हजारभन्दा बढी नागरिकलाई विभिन्न होल्डिङ सेन्टरमा राखिएको रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले बताए। प्रजिअ परियारले मध्यान्हसँग भने, 'स्थानीय सरकार, केन्द्रीय सरकार र विभिन्न संघ-संस्थाबाट प्राप्त खाद्यान्न, लत्ता कपडा, औषधिलगायत सामग्री वितरण भइरहेको छ। तर जनसंख्याअनुसार पर्याप्त छैन।'

तत्कालका लागि सेल्टर, ओढ्ने-ओछ्याउने र अत्यावश्यकीय औषधि आवश्यक भएको उनले बताए। सबै पक्षको सहयोग र सहजीकरणमा विपद्को सामना गर्दै गएको प्रजिअ परियारको भनाइ छ। 'दुर्गम भूगोल पृष्ठ २ मा

सुरुङबाट उद्धारमा सरकारका तीन कमजोरी

अन्तर्राष्ट्रिय उद्धार टोली, आयोजनाका प्राविधिक र स्वदेशी विज्ञलाई सुरुदेखि नै एकीकृत गर्न नसक्दा खोज तथा उद्धारमा ढिलाइ भइरहेको छ।

नेपाली सेना

त्यहाँको सुरुङ बुझेका प्राविधिकलाई सँगै लिएर उद्धार कार्य गर्नुपर्थ्यो। जसलाई अधि सारिएको छ, उनीहरू सुरुङविज्ञ नै होइनन्। सरकारले सबै एक्लै गर्छु भन्दा धेरै गल्ती भएका छन्।

कुलमान घिसिङ
पूर्वकार्यकारी प्रमुख, नेपाल विद्युत् प्राधिकरण

सरकारले सुरुङबाट उद्धारको आशा मारेको छैन। उद्धारका लागि सुरक्षा संयन्त्र अझै घटनास्थलमा सक्रिय छ।

सुधन गुरुङ
गृहमन्त्री

सुरुदेखि नै निर्माण कम्पनीलाई सहभागी नगराउँदा समन्वयमा समस्या भयो। हामीले सुरुबाटै भनिरहेकै थियौं, ढिलै भए पनि मिलेर उद्धारमा जुटेका छौं।

मोहनकुमार डाँगी
अध्यक्ष, इप्पान

जनक नेपाल/मध्यान्ह
काठमाडौं, १६ भदौ

सात दिनदेखि जलविद्युत् आयोजनाका सुरुङभित्र सयौं कर्मचारी र कामदार फसेका छन्। उनीहरूको अवस्था अझै अज्ञात छ। सुरुङभित्र कति जना छन् र उनीहरू जीवित छन् कि छैनन् भन्ने यकिन जानकारीसमेत छैन।

पश्चिम भोटेकोशीमा १० भदौमा आएको बाढीले रसुवा र नुवाकोटका जलविद्युत् आयोजनामा ठुलो क्षति पुऱ्यायो। बाढीले आयोजनाका सुरुङ र भूमिगत संरचनामा कार्यरत कर्मचारी तथा कामदारलाई सम्पर्कविहीन बनायो। सुरुङभित्र पानी, माटो र गेग्रयान भरिएको छ। समय घर्किँदै जाँदा जीवित उद्धारको सम्भावना पनि कमजोर हुँदै गएको छ।

उद्धारमा नेपाली सेना सुरुदेखि नै खटिएको छ। सेना, सशस्त्र र नेपाल प्रहरी सहितको प्राविधिक टोलीले जोखिम मोलेर बाढीमा हराइरहेका व्यक्तिको खोजी गरिरहेका छन्। पानी हटाउने, गेग्रचान पृष्ठ २ मा

सेनाले भन्यो- त्रिशूली थ्री एमा छिर्न सकिएन

विनाशकारी बाढीको उद्धारको नेतृत्व गरिरहेको नेपाली सेनाले जलविद्युत् आयोजनाका सुरुङमा खोज तथा उद्धार कार्यलाई तीव्रता दिइएको बताएको छ। तर, धेरै व्यक्ति फसेको आशंका गरिएका सुरुङबाट उद्धार कठिन बन्दै गएको बताएको छ।

चिलिमे हाइड्रोमा विदेशीसहित २६ जनाको संयुक्त खोज तथा उद्धार टोलीले सुरुङभित्र प्रवेश गरी करिब १५० मिटर भित्रसम्म पुगेर हेरेको जानकारी गराएको छ। भिरालो भाग सुरु भएपछि सुरुङ पूर्ण रूपमा पुरिएको अवस्थामा पृष्ठ २ मा

सनाखत भइसकेको बाबुआमाको शव परिवारले पाएन

हामीले खोलामा बुवा-आमाको शव देखेका थियौं। प्रहरीले मुचुल्का उठाउन बाँकी रहेको भन्दै शव लैजान दिएन। शवगृहमा खोज्दा व्यवस्थापन भइसकेको जवाफ पाए।

तान्जिङ सिरिङ घले
बेत्रावती, नुवाकोट

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १६ भदौ

भोटेकोशीको उर्लंदो बाढीले नुवाकोट बेत्रावतीका तान्जिङ सिरिङ घलेका ७५ वर्षीय बुवा पाल्जे घले र ६५ वर्षीया आमा डोल्मा तामाङ घलेलाई बगायो। ज्यान जोगाउन घरबाट भाग्ने क्रममा उनीहरू बाढीमा परेका थिए। बाढीले बगाएको करिब ३० मिटर पर तान्जिङले आफ्नै आँखाले बुवाआमाको शव देखे। परिवारले अन्तिम संस्कारका लागि शव उठाउन खोज्यो। तर, प्रहरीले मुचुल्का उठाउन बाँकी रहेको भन्दै शव लैजान दिएन। बुवाआमाको शव तन्नाले छोपेर तान्जिङ घर फर्किए। अर्को दिन प्रहरी घटनास्थलमा पुग्यो। त्यसबेला उनले बुवाआमासँगै दाइ पनि बेपत्ता भएको जानकारी गराए। उनका दाइ अहिलेसम्मै सम्पर्कविहीन छन्।

शुक्रबार बुवाआमाको शव शिक्षण अस्पताल ल्याइएको खबर पाएपछि तान्जिङ दिदी-भिनाजुसहित काठमाडौं आए। नदीमा सँगै देखिएका शव अस्पतालको शवगृहमा भेटिएनन्। उनले शवगृहमा खोजे। पोस्टमार्टममा सोधे। प्रहरीसँग बुवाआमाको शव देखाइदिन आग्रह गरे। तर, अस्पतालमा देखाइएका कुनै पनि शव उनका बुवाआमाका थिएनन्।

तीन दिनसम्म अस्पताल र जिल्ला प्रशासन कार्यालय धाएपछि उनले अन्ततः प्रहरीबाट 'शवको व्यवस्थापन भइसकेको' जवाफ पाए। पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

मलेसिया सिन्डिकेटको विरोधलाई अन्तर्राष्ट्रियकरण गर्न संघको आग्रह

मध्यान्ह संवाददाता
काठमाडौं, १६ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मार्फत गर्न खोजिएको एकाधिकारविरुद्धको अभियानलाई अन्तर्राष्ट्रियकरण गर्न आग्रह गरेको छ।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले एफडब्लुसिएमएसले गर्न खोजेको एकाधिकारविरुद्ध हालसम्म नेपालसहित बंगलादेश, पाकिस्तान, म्यानमार र श्रीलंका गरी पाँच मुलुकका रोजगार व्यवसायीहरू एक ठाउँमा उभिएको बताए। उनले भारत, कम्बोडिया, इन्डोनेसिया तथा एफडब्लुसिएमएसमा सूचीकृत नै नभएको फिलिपिन्सलाई पनि समर्थन गर्नका लागि पहल भइरहेको बताए।

यसअघि मलेसियामा श्रमिक पठाउने चार मुलुकका म्यानपावर व्यवसायीले संयुक्त विज्ञप्ति जारी गरेका थिए। मंगलबार श्रीलंकाको म्यानपावर व्यवसायी एसोसिएसनलाई समावेश गरी अर्को विज्ञप्ति जारी गरिएको छ।

विज्ञप्तिमा यसअघि जस्तै मलेसियाको एफडब्लुसिएमएस प्रणालीमा पृष्ठ २ मा

स्वास्थ्य व्यवसायी महासंघको २० लाख ५ हजार सहयोग

काठमाडौं/मस- नेपाल स्वास्थ्य व्यवसायी महासंघले भोटेकोशी बाढीपीडितका लागि २० लाख ५ हजार रुपैयाँ सहयोग गरेको छ। महासंघले प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा मंगलबार २० लाख ५

हजार रुपैयाँ जम्मा गरिएको महासंघका पृष्ठ २ मा

बाढीपीडितका लागि एसोसिएसनको १० लाख ११ हजार सहयोग

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले भोटेकोशी बाढीपीडितका लागि नेपाली कांग्रेसमार्फत १० लाख ११ हजार १ सय ११ रूपैयाँ सहयोग उपलब्ध गराएको छ।

एसोसिएसनले संकलन गरेको रकम मंगलबार पृष्ठ २ मा

मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजतिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त नि । र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौं: मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

विपद्‌मा भएन सहकार्य

सरकार एक्लै अघि बढ्न खोज्दा रास्वपाभित्रै असन्तुष्टि

विपद्‌को सुरुवातमै 'सत्तापक्ष र प्रतिपक्ष नभनी सरकारसँगै काम गर्ने' सहमति भयो । तर, संरचना बनेन । सरकार, सुरक्षा निकाय, प्रदेश, स्थानीय तह र नागरिक स्वयंसेवकबीच पनि समन्वय छैन ।



> प्रभावित प्रदेश र स्थानीय तहलाई कठघरामा उभ्याउने होइन । उनीहरूलाई उभिन सक्ने बनाउने हो ।
>
> ■ क्रान्तिशिखा धिताल
> सचेतक, रास्वपा

> सरकारले म एक्लै गर्छु भन्दा व्यवस्थापन कमजोर भएको छ ।
>
> ■ चन्दन सिंह
> महासचिव, जनमत पार्टी

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १६ भदौ

भोटेकोशी बाढीले ठुलो जनधनको क्षति पुऱ्याएपछि विपद्‌को सामना गर्न सरकारसँगै मिलेर अघि बढ्न राजनीतिक दलहरू तयार भए । जसअनुसार विपद्‌पछिको अवस्थामा सरकारसँगै काम गर्ने गरी सर्वदलीय संयन्त्र बनाउने निर्णय ११ भदौमा भएको थियो । भदौ १० गते विनाशकारी बाढी गयो । भोलिपल्टै रास्वपा सभापति रवि लामिछानेले सर्वदलीय बैठक राखे । रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी, राप्रपा, जसपा र जनमत पार्टीका शीर्ष नेता उपस्थित उक्त बैठकले १० बुँदे संकल्प गरेको थियो । जसको बुँदा नम्बर १०मा दीर्घकालीन समाधानका लागि 'उच्चस्तरीय सर्वदलीय संयन्त्र' गठन गर्ने विषय छ । 'विपद्‌पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, राष्ट्रिय विपद् नीतिमा समयानुकूल सुधार र सरकारका कामकारबाहीलाई निरन्तर सल्लाह, सहयोग र अनुगमन गर्न 'संसदीय समिति' गठन गर्न हामी सहमत भएका छौं,' जहाँ भनिएको छ, 'यस संयन्त्रले संकटको समयमा मात्र नभई विपद् पूर्वतयारी र दिगो विकासका एजेन्डामा राष्ट्रिय सहमति निर्माण गर्दै नीतिगत सुधारमा महत्त्वपूर्ण भूमिका खेल्नेछ ।'

तर यस्तो सहमति भएको पाँच दिनसम्म पनि उच्चस्तरीय सर्वदलीय संयन्त्र गठन हुन सकेको छैन । मंगलबार सर्वदलीय बैठक बसेको थियो । जसमा नेताहरूले राहत, उद्धार र पुनर्स्थापनामा सरकारसँग समन्वय गरेर अघि बढ्न तयार भएको बताए । फेरि पनि उच्चस्तरीय सर्वदलीय संयन्त्र गठनको विषयमा ठोस निर्णय भएको छैन ।

यसका पछाडि सरकार जिम्मेवार रहेको नेताहरू बताउँछन् । बाढीपछि खोजी, उद्धार, राहत र पुनर्स्थापनामा सरकार र राजनीतिक दलबीच संस्थागत समन्वय हुन नसक्दा सरकार एक्लै अघि बढ्न खोजेको आरोप लागेको सरोकारवालाहरू बताउँछन् ।

बाढीपछि तीन तहका सरकारबीचको समन्वय अभावकै विषयमा बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रधानमन्त्री बालेन शाहका नीति, प्रशासन तथा सुशासन सल्लाहकार सुदीप ढकाल र रास्वपा सभापति लामिछानेसँगको भेटमा ध्यानाकर्षण गराएका थिए ।

जनमत पार्टीका महासचिव चन्दन सिंह पनि

राजनीतिक दलहरूसँग ठुलो जनशक्ति भए पनि त्यसलाई सरकारसँग समन्वय गरेर परिचालन गर्न नसकिएको बताउँछन् । सिंहले भनेका छन्, 'सरकारले म एक्लै गर्छु भन्दा व्यवस्थापन कमजोर भएको छ ।'

यसबीचमा नेपाली कांग्रेस र एमालेले पनि सरकारलाई स्थानीय तह, सामाजिक संघसंस्था तथा नागरिक स्वयंसेवकसँग सहकार्य गर्न आग्रह गरेका छन् । कांग्रेसले स्थानीय तहसँग प्रभावकारी समन्वय गर्न तथा राहत वितरणमा सहयोग गर्न चाहने सामाजिक संघसंस्थालाई सहजीकरण गर्न सरकारसँग माग गरेको छ । एमालेले पनि सुरक्षा निकायका अतिरिक्त कामको प्रकृतिअनुसार नागरिक स्वयंसेवकलाई तत्काल परिचालन गर्नुपर्ने सुझाव दिएको छ ।

यता, नागरिक अधिकारकर्मीहरूले पनि संघीय सरकारले स्थानीय तहलाई बेवास्ता गरेको भन्दै असन्तुष्टि जनाएका छन् । ३१ जना अधिकारकर्मीले मंगलबार जारी गरेको विज्ञप्तिमा स्थानीय सरकारको सहभागितावाबिना विपद् व्यवस्थापन र पुनर्स्थापनाको काम प्रभावकारी हुन नसक्ने उल्लेख गरेका छन् ।

यसरी विपद्‌को सुरुवातमै 'सत्तापक्ष र प्रतिपक्ष नभनी सरकारसँगै काम गर्ने' राजनीतिक सहमति भए पनि त्यसलाई कार्यान्वयन गर्ने संरचना बन्न नसक्दा सरकार, सुरक्षा निकाय, प्रदेश, स्थानीय तह, राजनीतिक दल र नागरिक स्वयंसेवकबीचको समन्वय प्रश्नको घेरामा परेको हो ।

विपद्‌को तत्कालीन उद्धारसँगै अब पुनर्स्थापना र पुनर्निर्माणको चरण सुरु हुँदै छ । यही चरण अझ जटिल र दीर्घकालीन हुने भएकाले सरकार एक्लै अघि बढ्नेभन्दा संघ, प्रदेश र स्थानीय तहसँगै राजनीतिक दल तथा नागरिक संस्थालाई समेटेर संस्थागत संयन्त्र बनाउने दबाब बढेको छ ।

यसबारे सत्तारुढ दल रास्वपाभित्रै प्रश्न छ । रास्वपाकी सचेतक क्रान्तिशिखा धितालले सामाजिक सञ्जालमा लेखेकी छन्, काठमाडौंमा बसेर स्थानीय तह सक्रिय भएन, हामीसँग समन्वय भएन भनेर मात्र आरोप लगाउनु किमार्थ उचित हुँदैन ।' उनले बरु स्थानीय तह र प्रदेशको अवस्था ख्याल गर्न सुझाएकी छन् । 'अरे ! हामीले कस्तो नसम्झेको स्थानीय तह आफैं पनि यो विपद्‌को पीडित हो । उसको आफ्नै सहर बाढीले बगाएर बगर बनेको छ,' उनी लेख्छिन्, 'जसले आफैं गाँस, बास र कपास गुमाएको छ, उसैबाट पूर्ण क्षमतामा सोच्न, निर्णय गर्न र अरूलाई सम्हाल्न अपेक्षा गर्नु कति न्यायोचित हो ?'

फेरि पनि उनले तीन तहको सरकारबीच समन्वयको खाँचो औंल्याएकी छन् । 'प्रभावित प्रदेश र स्थानीय तहलाई कठघरामा उभ्याउने होइन, उनीहरूलाई उभिन सक्ने बनाउने हाम्रो जिम्मेवारी हो,' अगाडि लेख्छिन्, 'विपद्‌मा सरकारका तहहरू प्रतिस्पर्धी होइनन्, एक-अर्काका सहारा हुन् । हामी सहारा बनौं ।'

राहत....

र सडक सञ्जालसमेत टुटेको अवस्थामा विस्थापित परिवारलाई सेल्टर र राहत पुऱ्याउन कठिन थियो, अब बिस्तारै सहज हुँदै छ,' उनले भने ।

रसुवाको तटीय क्षेत्रबाट एक हजारभन्दा बढीको उद्धार गरिएको छ । तीमध्ये केही अस्पतालमा उपचाररत रहेको र बाँकीलाई होल्डिङ सेन्टरमा राखिएको प्रजिअ परियारले जानकारी दिए । बाढीका कारण रसुवा जिल्लाका गोसाइँकुण्ड, नौकुण्ड, आमाछोदिङमो र उत्तरगया गरी चार गाउँपालिकामा पूर्ण रूपमा क्षति भएको छ । ती पालिकाका एक हजारभन्दा बढी घरपरिवार पूर्ण विस्थापित भएको स्थानीयहरूले बताएका छन् । पीडितको न्यूनतम गाँस, बास, कपास र स्वास्थ्यमा सरकारले विशेष ध्यान दिनुपर्ने नेपाली कांग्रेस उत्तरगया गाउँपालिकाका सभापति अमरबहादुर बुलुनले बताए । अहिले खाद्य तथा अत्यावश्यक वस्तुको आपूर्तिमा समस्या देखिएको उनको भनाइ छ ।

सो गाउँपालिकामा चारवटा होल्डिङ सेन्टरमा पीडितलाई राखिएको छ । उनीहरूलाई खाद्यान्न, कपडा, औषधिलगायत उपलब्ध गराउने काम भइरहे पनि सामग्री अपुग भएको बुलुनले बताए । 'पहिलो चरणमा घरबास र आफन्त गुमाएकालाई प्राथमिकता दिइएको छ,' उनले भने, 'नगरपालिका र विभिन्न संघ-संस्थाको सहयोगमा सामग्री वितरण भइरहे पनि सामान अपुग हुँदा गाउँस्तरमा अझै कठिन छ ।'

सरकारको तर्फबाट विभिन्न जिल्लामा गएको सामग्री नेपाली सेनाको ब्यारेकमा राखिएको छ । उक्त राहत सामग्री पीडित नागरिकसम्म पुऱ्याउन संघीय सरकारमातहकै अधिकारी कुर्नुपर्ने अवस्थाले समयमै राहत गाउँ नपुगेको गुनासो स्थानीयले गरेका छन् । पीडित तथा प्रभावितलाई तत्काल गाँस, बास तथा औषधि पर्याप्त नभएको स्थानीय तहका पदाधिकारी तथा कर्मचारी नै बताउँछन् ।

गोसाइँकुण्ड गाउँपालिकामा राहत वितरणमा हेलिकोप्टरको भर गर्नुपर्ने अवस्था छ । सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध भएकाले भौगोलिक रूपमा पूर्णतः आइसोलेटेड (सम्पर्कविहीन) अवस्थामा रहेको प्रमुख प्रशासकीय अधिकृत सुरेश भट्टराई बताउँछन् । 'यहाँ उद्धार र राहतमा हेलिकोप्टरकै भर पर्नुपर्ने अवस्था छ,' उनले भने, 'केन्द्रीय सरकारले पठाएको राहत सेनाको क्याम्पमा होला, गाउँ झरेको छैन । गाउँ आए पनि बाटो बन्द भएकाले हेलिकोप्टरको विकल्प छैन ।'

गोसाइँकुण्ड गाउँपालिकाका करिब ६ सयभन्दा बढी घरपरिवार र एक हजार नागरिक हराएको सूचना रहेको पालिका प्रमुख कैसाङ नुर्पु तामाङले बताएका छन् । राहतको अघि बढे पनि आवश्यकताअनुसारका राहत सामग्री नपुगेको र भौगोलिक कठिनाइका कारण पीडितलाई राहत पुऱ्याउन समस्या भइरहेको उनले बताए । 'मानवीय क्षति धेरै छ, सञ्चार र इन्टरनेट बन्द भएकाले कति उद्धार भए वा हराए भन्नसमेत कठिन छ,' तामाङले बताए ।

स्थानीय बजार नभएको र गाउँ नै सखाप बनाए पनि पूर्ण रूपमा विस्थापित भएका नागरिकलाई विद्यालय वा सामुदायिक भवनमा होल्डिङ सेन्टर बनाएर राखिएको छ । तर, खाद्यान्नकै अभाव पूर्ति नभएको बताइएको छ । रसुवास्थित धुन्चेस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयका कविराज प्रताप लामाका अनुसार पैसा तिरेर पनि खाद्यान्न किन्न नसकिने अवस्था सिर्जना भएको छ । 'बाढीले रसुवा प्रवेश गर्ने सबैजसो पुल बगाएपछि जिल्लामा खाद्यान्न ढुवानी प्रभावित भएको छ । पैसा तिरेर किन्ने ठाउँ समेत छैन ।'

रसुवाभन्दा नुवाकोटमा उद्धारपछि राहत वितरणको कार्य केही सहज भएको पाइएको छ । विदुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुभाकर पौडेलले त्रिशूली नदीमा पुल नहुँदा पारिपट्टिको भूगोलमा राहत पुऱ्याउन समस्या भएको बताए । 'त्रिशूली नदीको पुल नहुँदा पारिपट्टको भूगोलमा राहत पुऱ्याउन सकिएको छैन । ग्यास सटेज भएकाले पकाएर खानसमेत समस्या छ ।'

विदुरमा १२ सय घरका ५२ सय नागरिक पूर्ण प्रभावित रहेको उनले जानकारी दिए । विनाशकारी बाढीका कारण ११ वटा वडाका १६ सय परिवार प्रभावित भएका छन् । २६ सय मानिसलाई १६वटा होल्डिङ सेन्टरमा राखेर क्षमतालेभ्याएसम्म बस्ने खानेको व्यवस्था गरेको उनले बताए ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का राष्ट्रिय सभा सदस्य भुवनबहादुर सुनारले सरकारले अपनाएको एकद्वार प्रणाली प्रभावकारी हुन नसकेको दाबी गरे । राहत वितरण प्रक्रियामा संघीय सरकार र प्रदेश तथा स्थानीय जनप्रतिनिधिबीच समन्वयको अभाव देखिएको उनको ठम्याइ छ । 'सरकारले स्थानीय जनप्रतिनिधिसँग कोर्डिनेसन गर्ने कुरामा कमजोरी भयो कि भन्ने लागेको छ । प्रभावित क्षेत्रको पालिकासँग, वडासँग, जनप्रतिनिधिसँग जोडिएर जानुपर्छ । त्यसो भयो भने छिटो पुगिन्छ । ढिलासुस्ती भयो,' उनले भने ।

सुरुङबाट...

पन्छाउने र सुरुङभित्र प्रवेश गर्ने बाटो बनाउने प्रयास भइरहेका छन् । इन्जिनियर र ड्रोन टोलीसमेत परिचालन गरिएको छ । तर, सात दिन बित्दासमेत सुरुङमा फसेकाहरूको उद्धार हुन सकेको छैन ।

उद्धार ढिलाइ हुनुमा सरकारका तीन निर्णयलाई कारण मानिएको छ । यति ठुलो र जटिल उद्धारमा उपलब्ध सबै स्रोत, साधन र विशेषज्ञता सुरुदेखि नै एकीकृत हुन सकेन । अन्तर्राष्ट्रिय उद्धार टोली समयमै ल्याइएन । नेपाल विद्युत् प्राधिकरण र सम्बन्धित निर्माण कम्पनीका प्राविधिकलाई सुरुदेखि नै सहभागी गराइएन । स्वदेशमै रहेका सुरुङविज्ञको खोजी र परिचालनभन्दा एकजना विज्ञ सांसद्‌लाई उद्धारको नेतृत्वमा अघि सारियो ।

अन्तर्राष्ट्रिय सहायता लिन ढिलाइ

सुरुङमा सयौं मानिस फसेको खबर सार्वजनिक भएलगत्तै भारत, चीन र कोरियालगायत मुलुकले अनुभवी टनेल रेस्क्यु टोली पठाउने प्रस्ताव गरेका थिए । तर, नेपालले तत्काल सहयोग लिएन । यस विषयमा परराष्ट्रमन्त्री शिशिर खनालले अपरिचित भूगोलमा बाह्य उद्धार टोली परिचालन गर्दा समन्वय तथा प्राविधिक व्यवस्थापनमा थप जटिलता आउन सक्ने र अनपेक्षित जोखिम पनि सिर्जना हुन सक्ने भएकाले उपलब्ध राष्ट्रिय क्षमतामै उद्धार कार्य सञ्चालन गरिएको बताएका थिए ।

'हाम्रो टिम सक्षम छ, हाम्रो भूगोलप्रति परिचित छ । हाम्रो सुरक्षा निकायहरू-सेना, प्रहरी र सशस्त्र प्रहरी-सबै यसमा लागिरहेका छन्,' उनले भनेका थिए ।

बाढी गएको चार दिनसम्म पनि सुरुङबाट उद्धारको ठोस परिणाम आउन सकेन । त्यसपछि मात्र अन्तर्राष्ट्रिय सहयोग लिने प्रक्रिया अघि बढ्यो । परराष्ट्र मन्त्रालयको आग्रहपछि भारत र चीनका टनेल रेस्क्यु टोली नेपाल आए । उनीहरू नेपाली सेनासँग मिलेर उद्धारमा खटिएका छन् । मंगलबार कोरियाली उद्धार टोलीसमेत नेपाल आइपुगेको छ ।

तर, सुरुङ उद्धार सामान्य खोज तथा उद्धारभन्दा फरक काम हो । सुरुङको अवस्था पहिचान, पानी व्यवस्थापन, गेग्रचान हटाउने र सुरक्षित रूपमा भित्र प्रवेश गर्न विशेष अनुभव र उपकरण चाहिन्छ । यस्तो अवस्थामा उपलब्ध अन्तर्राष्ट्रिय विशेषज्ञता सुरुदेखि नै प्रयोग गर्न नसक्नु सरकारको पहिलो कमजोरी देखिएको छ ।

प्राधिकरण र निर्माण कम्पनीसाग समन्वय अभाव

सरकारले सुरुङ उद्धार एकद्वार प्रणालीबाट गर्ने भन्दै सम्बन्धित जलविद्युत् आयोजना र निर्माण कम्पनीलाई प्रत्यक्ष रूपमा उद्धारमा सहभागी हुन दिएन । तर, आयोजनाका प्राविधिकलाई सम्बन्धित सुरुङको संरचना, नक्सा, प्रवेशद्वार र जोखिमबारे प्रत्यक्ष जानकारी हुन्छ । उनीहरूसँग सुरुङ निर्माण र सञ्चालनको व्यावहारिक अनुभव पनि हुन्छ ।

बाढी आएको भोलिपल्टै नेपाल विद्युत् प्राधिकरणका प्राविधिक र इन्जिनियरको टोली घटनास्थल पुगेको थियो । तर, उनीहरूलाई उद्धारमा प्रत्यक्ष सहभागी हुन दिइएन । नेपाली सेनाले आफ्नै प्राविधिक टोलीसहित उद्धारको नेतृत्व गऱ्यो । सात दिनसम्मको प्रयासबाट अपेक्षित परिणाम नआएपछि अहिले भने आयोजना प्रवर्धक र निर्माण कम्पनीलाई आफ्ना प्राविधिक जनशक्ति तथा उपकरणसहित उद्धारमा सहभागी हुन अनुमति दिइएको छ ।

लाङटाङ जलविद्युत् आयोजनाका प्रवर्धक विजयमान भट्टराईका अनुसार नेपाली सेनाले आयोजनाको सुरुङमा करिब १०० मिटरसम्म पुगेर अवस्था हेरेपछि आयोजनाकै प्राविधिक टोलीलाई काम अघि बढाउन भनेको छ । 'नेपाली सेनाले भित्र गएर हेरेपछि हामी जान सक्दैनौं, तपाईंहरूको प्राविधिक मान्छे लगाएर काम अघि बढाउनुस् भन्नुभएको छ,' भट्टराईले भने, 'पहिलेदेखि हाम्रो प्राविधिक टिम चाहिन्छ भनिरहेका थियौं । समन्वयमा ढिलाइ भयो ।'

आयोजनाको टोली अहिले काठमाडौंमा उद्धारका लागि आवश्यक उपकरण र सामग्री जुटाइरहेको छ । माथिल्लो त्रिशूली-१ निर्माण गरिरहेको नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले पनि प्राविधिक जनशक्ति र उपकरण व्यवस्थापन थालेको छ । सुरुदेखि नै निर्माण कम्पनीलाई सहभागी नगराउँदा उद्धारकार्य ढिलो र समन्वयमा समस्या भएको बताउँछन्, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष मोहनकुमार डाँगी । 'यसबारे हामीले सुरुबाटै कुरा गरेका हौं । विवाद पनि भयो । तर, अस्तिदेखि उद्धारमा सहभागी गराइएको छ,' उनले भने, 'अहिले हामी बलबुताले भ्याएसम्म खटिएका छौं । तर, नतिजा निस्केको छैन ।'

विज्ञको विकल्पमा सांसदको नेतृत्व

सुरुङ उद्धारमा नेपालमै उपलब्ध अनुभवी जनशक्तिको खोजी र परिचालन पनि सुरुदेखि नै सरकारको प्राथमिकतामा परेन । तनहुँ-१ का रास्वपा सांसद् श्रीराम न्यौपानेलाई उद्धार कमान्डमा अघि सारियो । उनीसँगै गुल्मी-१का सांसद सागर ढकाल पनि उद्धारमा खटिएका छन् ।

न्यौपानेले विगतमा करिब १५ किलोमिटर सुरुङ निर्माणमा काम गरेको अनुभव उद्धारमा उपयोग गर्ने बताएका थिए । त्रिशूली-३ 'ए', मेलम्ची खानेपानी आयोजना र नागढुंगा सुरुङमार्गमा काम गरेको अनुभव उद्धारमा उपयोग गर्न सकिने उनको भनाइ थियो । सुरुमा उनले सुरुङको करिब २४ मिटरभित्र गेग्रचान नभएको भए हावा, ध्वनि, पानी र खानेकुरा पठाउने लक्ष्य रहेको बताएका थिए । तर, उद्धार त्यसअनुसार अघि बढ्न सकेन ।

नेपालमा जलविद्युत्, खानेपानी, सडक र सुरुङ निर्माणमा लामो समयदेखि काम गरिरहेका थुप्रै प्राविधिक र विज्ञ छन् । उनीहरूको विशेषज्ञता, सम्बन्धित आयोजनाका प्राविधिक र अन्तर्राष्ट्रिय टनेल रेस्क्यु टोलीलाई एकीकृत गर्नुपर्नेमा सरकार चुकेको पूर्वमन्त्री एवं नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी प्रमुख कुलमान घिसिङ बताउँछन् । 'त्यहींको सुरुङ बुझेका प्राविधिकलाई सँगै लिएर उद्धार कार्य गर्नुपर्थ्यो । जसलाई अघि सारिएको छ, उनीहरू सुरुङविज्ञ नै होइनन्,' उनले भने, 'सरकारले सबै एक्लै गर्छु भन्दा धेरै गल्ती भएका छन् ।'

घिसिङका अनुसार सुरुदेखि नै विज्ञसँग राम्रो समन्वय गर्नुपर्ने थियो । अन्तर्राष्ट्रिय उद्धारकर्मी र एक्साभेटर ढुवानी गर्न सक्ने हेलिकोप्टरको सहयोग लिनुपर्ने थियो । प्राधिकरण र जलविद्युत् निर्माण कम्पनीलाई पनि उद्धारमा सँगै लैजानुपर्ने थियो । 'सेनाले सकेको गरेको छ । तर, समन्वय भएको भए उद्धार छिटो हुन्थ्यो,' उनले भने ।

सेनाले...

पहेला परेको बताएको छ । अपर त्रिशूली-१को हाँकुमा विदेशीसहितको संयुक्त खोज तथा उद्धार टोली १६० मिटरसम्म पुग्दा सुरुङ टालिएको अवस्थामा फेला परेको छ । त्रिशूली-थ्री एमा सुरुङको प्रवेशद्वार फेला परेको छ र तीनवटा एक्साभेटरबाट माटो पन्छाई सुरुङमा प्वाल पारिएको छ । त्यसरी खोलिएको प्वालबाट अत्यधिक पानी आएकाले उक्त स्थानबाट छिर्न असम्भव भएको सेनाले जनाएको छ । त्यसैले अब सुरुङको आउटलेटबाट पुनः प्वाल पार्ने कार्य अघि बढाइएको छ । त्रिशूली-थ्री बी आयोजनाको कार्यालय तथा निवास पहिचान गरी एक्साभेटरमार्फत पहुँचमार्ग निर्माण गरिँदै छ । जलविद्युत् आयोजनाबाट ८९४ जना सम्पर्कविहीन छन्, तीमध्ये माथिल्लो त्रिशूली-१को सुरुङमा मात्रै करिब तीन सयजना फसेको आशंका छ ।

यसैबीच गृहमन्त्री सुधन गुरुङले सुरुङमा फसेका व्यक्तिहरूको उद्धारका लागि सरकारले नयाँ विकल्पबाट समेत प्रयास थालेको बताएका छन् । सुरुङको माथिल्लो भागबाट ड्रिल गरेर फसेका व्यक्तिसम्म पुग्न सकिन्छ कि भनेर सम्भाव्यता खोजी भइरहेको उल्लेख गर्दै मंगलबार पत्रकार सम्मेलनमा उनले भने, 'सरकारले सुरुङबाट उद्धारको आशा मारेको छैन । उद्धारका लागि सुरक्षा संयन्त्र अझै घटनास्थलमा सक्रिय छ ।'

नदीमा...

निराश तान्जिङ मंगलबार रसुवा फर्किएका छन् । 'हामीले खोलामा बुवा-आमाको शव देखेका थियौं । प्रहरीले लैजान दिएन,' उनले भने, 'त्यो दिन लैजान दिएको भए आफ्नै संस्कारअनुसार दाहसंस्कार गर्न पाउँथ्यौं ।'

बुवाआमाको बाढीमा मृत्यु भएको पीडामाथि दाइको बेपत्ता अवस्थाले परिवारलाई झन् थिचेको छ । त्यसमाथि आफ्नै आँखाले देखेका बुवा-आमाको अन्तिम संस्कारसमेत गर्न नपाएको पीडा थपिएको छ । 'हामीलाई तीन दिन प्रहरी र प्रशासनले झुलायो,' उनले भने, 'आफ्नै आँखाले देखेका बुवाआमाको शवलाई अन्तिम संस्कार गर्न पाएनौं । योभन्दा ठूलो दुःख के हुन सक्छ ?'

अस्पतालको गेटबाहिर आशा

त्रिवि शिक्षण अस्पतालको पोस्टमार्टम भवन अहिले बाढीमा ज्यान गुमाएका र बेपत्ता भएकाहरूका परिवारका लागि अर्को पीडाको ठाउँ बनेको छ ।

अस्पतालको मुख्य गेटबाहिर आफन्तहरू हातमा आफ्ना प्रियजनका तस्बिर बोकेर लाइनमा छन् । भित्तामा टाँसिएका पहिचान नखुलेका शवका तस्बिरमा आफन्तहरू आफ्ना मान्छेको अनुहार खोजिरहेका छन् ।

एक महिला हातमा श्रीमान्‌को तस्बिर लिएर प्रहरीसँग आग्रह गर्दै थिइन्, 'मेरो श्रीमान्‌को शव यहीं छ । मलाई हेर्न दिनुस् ।'

उनले अस्पतालको भित्तामा टाँसिएको तस्बिरमा आफ्ना श्रीमान्‌जस्तो देखिने आकृति देखेकी थिइन् । त्यही आसमा उनी पोस्टमार्टम भवनभित्र पुगिन् । टिनको स्ट्रेचरमा राखिएको शवको अनुहार पहिचान गर्न कठिन थियो । उनले नियालेर हेरिन् । तर यकिन गर्न सकिनन् । प्रहरीले सोध्यो- 'यो तपाईंको श्रीमान्‌को शव हो ?' उनका आँखा रसाए । उनले टाउको हल्लाउँदै शव पहिचान गर्न नसकेको संकेत गरिन् । भारी मन लिएर उनी बाहिरिइन् । पोस्टमार्टम भवनभित्रको अवस्था झन् कठिन छ । शव कुहिँदै जाँदा दुर्गन्ध फैलिएको छ । केहीबेर उभिनसमेत मुस्किल हुन्छ । तर आफन्तहरू त्यही दुर्गन्धबीच आफ्ना मान्छेको पहिचान खोजिरहेका छन् । प्रहरी र पोस्टमार्टममा खटिएका कर्मचारी पनि निरन्तर त्यही काममा छन् ।

भित्र कतिपय शवको पूरै शरीर छैन । कसैको शरीरको केही भाग मात्र छ । कसैको हात, कसैको टाउको त कसैको कम्मरमुनिको भाग मात्र देखिन्छ । ती शवमा रहेका कपडा, दाग, चिह्न वा अन्य पहिचानका आधारमा आफन्तहरू आफ्ना मान्छे खोजिरहेका छन् ।

कपडा र चप्पलमा खोजिँदै पहिचान

धादिङ सिद्धलेक-१ की कल्पना भट्ट गोसाइँकुण्ड जाने क्रममा भोटेकोशीको बाढीमा परिन् । उनका श्रीमान् घनश्याम भट्टसहित २९ जना दर्शनार्थी सवार गाडी बाढीले बगाएको थियो । पहिचान नखुलेका शवको पोस्टरमा कल्पनासँग मिल्दोजुल्दो तस्बिर देखिएपछि वडाध्यक्ष पेमा ओम्देल लामा शिक्षण अस्पताल पुगे । कल्पनाले लगाएको कपडा र चप्पलका आधारमा पहिचान गर्न उनी अस्पताल पुगेका थिए । तर शव माटो र बालुवाले ढाकिएको थियो ।

'शव हेरेर आएँ । कपडा र चप्पल मिल्छ । तर माटो र बालुवाका कारण चिन्न सकिने अवस्था छैन,' उनले भने, 'पखालिदिएपछि यकिन हुन सक्छ भनेर कर्मचारीलाई अनुरोध गरेको छु ।' उनका अनुसार वडाबाटै तीन जना बेपत्ता छन् । 'भित्र शव हेर्न सक्ने अवस्था छैन । दुर्गन्ध फैलिएको छ,' उनले भने, 'केही समय राख्न सके केही शवको पहिचान हुन्थ्यो होला । तर शव गल्दै गएका छन् ।'

अन्तिम संस्कारको अधिकार

पोस्टमार्टम भवनमा रहेका शवहरू केवल तथ्यांक होइनन् । ती कसैका बुवा हुन्, कसैकी आमा, कसैका श्रीमान्, श्रीमती वा छोराछोरी। प्रत्येक शवसँग एउटा परिवारको प्रतीक्षा जोडिएको छ ।

तर पहिचान नखुलेका शव लामो समय राख्न सम्भव नभएपछि व्यवस्थापनको दबाब पनि बढेको छ । सोमबार मात्र शिक्षण अस्पतालमा पहिचान हुन नसकेका ८७ शवलाई प्रहरीले भ्यानमा राखेर व्यवस्थापन गरेको छ ।

शव बोकेको भ्यान पोस्टमार्टम भवनबाट बाहिरिँदा गेटमा उभिएका आफन्तका आँखामा आँसु भरिए । उनीहरूका लागि त्यो शव बोकेको भ्यान मात्र थिएन । त्यो आफ्नो मान्छेको पहिचान र अन्तिम संस्कार गर्ने अधिकार गुम्दै गएको क्षण थियो ।

मलेसिया...

सीमित संख्यामा निजी संस्था वा भर्ती एजेन्सीलाई विशेष वा प्राथमिकतामा पहुँच प्रदान गर्ने कुनै पनि व्यवस्थाले अन्य कानुनी रूपमा इजाजतपत्र प्राप्त एजेन्सीलाई प्रतिबन्धित वा बहिष्कार गर्दा निष्पक्ष प्रतिस्पर्धा, पारदर्शिता, समान अवसर तथा आप्रवासी कामदारहरूको अधिकार र हितका बारेमा गम्भीर चिन्ता उत्पन्न गर्ने उल्लेख छ ।

स्वास्थ्य...

महासचिव दाताराम काफ्लेले जानकारी दिए ।

महासंघले मुलुकमा दैवी विपत्ति, प्राकृतिक प्रकोप तथा महामारीको अवस्थामा संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत योगदान गर्दै आएको छ । महासंघले राष्ट्रसामु निम्तिएको अकल्पनीय पीडामा परेकाहरू तथा मृतकका आश्रित परिवारलाई सहयोग पुगोस् भनेर सहयोग रकम जम्मा गरेको पनि महासचिव काफ्लेले जानकारी दिए ।

'विपद्‌को पीडामा साथ, मानवताको हात' भन्ने भावना अनुसार देश दुःखमा परेका बेला आफ्नो ठाउँबाट सकेको सहयोग गर्नु नै मानवीय धर्म र सामाजिक दायित्व हो भन्ने मान्यता अनुसार सबै व्यवसायीले सहयोगमा सहभागिता जनाएको पनि महासचिव काफ्लेले बताए ।

बाढीपीडितका...

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मालाई हस्तान्तरण गरेको हो ।

एसोसिएसनका अध्यक्ष रामप्रसाद गौरेको नेतृत्वमा गएको एसोसिएसन कार्यसमिति पदाधिकारी, सदस्य तथा सल्लाहकार, संस्थाका पूर्वअध्यक्ष एवं पदाधिकारीले उक्त रकमको चेक नेपाली कांग्रेस विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी हस्तान्तरण गरे ।

एसोसिएसनले कुनै व्यक्तिगत वा संस्थागत श्रेयका लागि नभई प्राकृतिक विपद्‌का कारण पीडामा परेका नागरिकको परिवारलाई राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुगोस् भन्ने पवित्र उद्देश्यका साथ सहयोग गरिएको बताएको छ ।

एसोसिएसनले मानवीय अभियानमा साथ, सहयोग र ऐक्यबद्धता जनाउने एसोसिएसनमा आबद्ध सम्पुर्ण सदस्य, शुभेच्छुक तथा शुभचिन्तक सहयोगीहरूप्रति आभार एवं धन्यवाद व्यक्त गरेको छ ।

साउदीबाट फर्किए सरोज, तर बाढीले बगाएका बुबा र दाइको अझै पत्तो लागेन

अन्जान गुभाजु/मध्यान्ह
काठमाडौं, १६ भदौ

नुवाकोटको विदुर-१०, भैँसेका सरोज तामाङ भदौ १० गते साउदी अरबको रियादमा ड्युटी जान तयारी गर्दै थिए । बरिस्ताको रूपमा कार्यरत उनले सामाजिक सञ्जाल फेसबुक हेर्दा भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीको खबर देखे । खबरले उनको मनमा चिसो पस्यो । घरमा फोन गरे, तर सम्पर्क हुन सकेन । केही समयपछि उनले आफ्नो घरसमेत बाढीले बगाएको खबर पाए । परिवारसँग सम्पर्क गर्ने निरन्तर प्रयास गरे पनि तत्काल कुनै जानकारी पाउन सकेनन् । अन्ततः भदौ १० गते बेलुकीतिर परिवारसँग सम्पर्क भयो । तर उनले सुनेको खबर झनै भयावह थियो ।

बाढीले उनको घर बगाउनुका साथै ७५ वर्षीय बुबा रामबहादुरलाई समेत बगाएको परिवारबाट जानकारी पाए । उनका ठाइँला दाइ सन्जाले बुबालाई बाढीले बगाएको देखेको बताइएको छ । त्यस्तै, रसुवास्थित चिलिमे जलविद्युत् आयोजनामा काम गर्ने उनका ३२ वर्षीय साइँला दाइसञ्जय तामाङ पनि बाढी आएपछि सम्पर्कविहीन भएको खबर सरोजले पाए ।

एकैपटक घरबारविहीन हुनु, वृद्ध बुबालाई बाढीले बगाएको खबर सुन्नु र अर्का दाइको अवस्थासमेत अज्ञात हुनु सरोजका लागि त्यो क्षण शब्दमा बयान गर्न नसकिने पीडाको क्षण बन्यो । परिवारको अवस्था थाहा पाएपछि सरोजले आफू कार्यरत कम्पनीलाई घटनाबारे जानकारी गराए। परिवारका सदस्य सम्पर्कविहीन भएको र घरसमेत बाढीले बगाएको जानकारी पाएपछि कम्पनीले उनलाई नेपाल फर्किन अनुमति दियो ।

उनी भदौ १२ गते काठमाडौं आइपुगे। नेपाल आएपछि उनले काठमाडौंका विभिन्न अस्पतालमा खोजी गरे । बाढी तथा बेपत्तासम्बन्धी सरकारले जारी गरेका सूचना पनि निरन्तर हेरे। तर अहिलेसम्म न बुबाको अवस्था पत्ता लागेको छ, न दाइको।

'बुबाको आशा मारेँ, दाइ सञ्जयचाहिँ भेटिन्छन् कि भन्ने आशा अझै छ,' सरोजले मध्यान्हसँग भने। उनको आवाजमा थकान र निराशा प्रस्ट महसुस हुन्थ्यो । आफ्नै आँखाअगाडि घरबार गुमाउनु, बुबा र दाइको अवस्था थाहा नहुनु र परिवारका सदस्यहरू छरिएर अनिश्चित अवस्थामा बस्नुपर्ने बाध्यता उनका लागि अर्को पीडा बनेको छ।

'सरकारले बेपत्ताको अवस्था छिटो पत्ता लगाइदिए हुन्थ्यो'

सरोजका अनुसार उनका परिवारका केही सदस्य काठमाडौंमा छन् भने केही गाउँमै छन् । बाढीका कारण घरबार गुमेको परिवार अहिले अत्यन्त कठिन अवस्थामा छ । छिमेकका कतिपय परिवारसँग सम्पर्क भए पनि आफूहरूको परिवारमा भने अझै दुई सदस्यको अवस्था अज्ञात रहेको उनले बताए । 'घरबार गुमाउनुको पीडा छँदैछ, त्यसमाथि आफ्नै बुबा र दाइ सम्पर्कविहीन हुँदा कस्तो पीडा हुन्छ भन्ने भोग्नेलाई मात्र थाहा हुन्छ,' उनले भने, 'मजस्तै बेपत्ता परिवारका सदस्यहरूलाई सरकारले छिटोभन्दा छिटो खोजी गरेर वास्तविक अवस्था जानकारी गराइदिए हुन्थ्यो ।'

सरोज सोमबार नुवाकोटस्थित आफ्नो गाउँ जाने तयारीमा छन् । उनले मैथिलीस्थित ब्यारेक तथा उद्धार केन्द्रमा पुगेर बुबा र दाइको खोजी तथा उद्धारसम्बन्धी जानकारी लिने बताएका छन् ।

उद्धारपछि पनि परिवारको प्रतीक्षा

बाढीले नुवाकोटसहित आसपासका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ । बाढीपछि उद्धार तथा खोजी कार्य जारी रहे पनि कतिपय परिवार अझै आफ्ना आफन्तको अवस्थाबारे अनभिज्ञ छन् ।

सरोजको परिवारको पीडा यही अवस्थाको एउटा प्रतिनिधि उदाहरण हो । विदेशमा रहेका परिवारका सदस्यले सामाजिक सञ्जाल र टेलिफोनमार्फत विपत्तिको खबर पाउने, तर आफ्नै घरपरिवारको वास्तविक अवस्था थाहा पाउन नसक्ने परिस्थिति आफैंमा गम्भीर मानवीय संकट हो । सरोज अहिले एउटा आशामा छन्- बुबालाई बाढीले बगाएको खबर सत्य हो कि होइन भन्ने यकिन होस् र कम्तीमा दाइ सञ्जयको अवस्थाबारे भए पनि छिटो जानकारी प्राप्त होस् ।

उनको आग्रह छ, 'बाढी तथा पहिरोमा बेपत्ता भएका नागरिकका परिवारलाई सरकारी संयन्त्रले तत्काल सम्पर्कमा ल्याओस्, बेपत्ताको खोजी तीव्र बनाओस् र उद्धार तथा खोजीको प्रगतिबारे परिवारलाई नियमित जानकारी दिइयोस्,' सरोजले भने, 'हामीलाई धेरै कुरा चाहिँदैन, आफ्ना मान्छेको अवस्था के छ भन्ने सत्य जानकारी मात्र चाहिएको हो ।'

आठ संवैधानिक आयोगका पदाधिकारीले बाढीपहिरो पीडितलाई १० दिनको तलब दिने

इसत्याक अहमद/मध्यान्ह
काठमाडौं, १६ भदौ

भोटेकोशी क्षेत्रमा आएको बाढीपहिरोबाट प्रभावित नागरिकको राहत, अवस्थाको अनुगमन तथा आवश्यक सहयोगका विषयमा नेपालका आठ संवैधानिक आयोगका पदाधिकारीहरूको संयुक्त बैठक बसेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको सभाहलमा मंगलबार बसेको बैठकमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगका पदाधिकारी सहभागी थिए ।

बैठकले बाढीपहिरो पीडितका लागि तत्काल राहत उपलब्ध गराउने उद्देश्यले आठवटै आयोगका पदाधिकारीले कम्तीमा १० दिन बराबरको तलब प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गर्ने निर्णय गरेको छ। पदाधिकारीहरूले आफ्नो इच्छाअनुसार थप रकमसमेत सहयोग गर्न सक्ने निर्णय गरिएको छ। त्यस्तै, प्रभावित क्षेत्रको नियमित अनुगमन गर्ने, आवश्यकताअनुसार सम्बन्धित निकायलाई उपयुक्त सिफारिस गर्ने तथा राहत र पुनःस्थापनाका कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने निर्णय बैठकले गरेको छ ।

विपद्पीडितको अवस्था तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन आठवटै आयोगबीच आवश्यकताअनुसार नियमित बैठक तथा छलफललाई निरन्तरता दिने सहमति पनि भएको छ ।

संयुक्त बैठक आयोजना गरेकोमा सहभागी आयोगका पदाधिकारीहरूले राष्ट्रिय मानव अधिकार आयोगलाई धन्यवादसमेत दिएका छन् ।

गढीमाईका करार कर्मचारी आन्दोलित

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १६ भदौ

रौतहटको गढीमाई नगरपालिकामा कार्यरत करार कर्मचारीहरूले लामो समयदेखि रोकिएको तलबभत्ता तथा सेवा सुविधा तत्काल भुक्तानी गर्न माग गर्दै आन्दोलन सुरु गरेका छन् ।

आर्थिक वर्ष २०७७/७८ देखि चालू आर्थिक वर्ष २०८२/८३ सम्मको तलबभत्ता तथा सेवा सुविधाबापतको रकम नगरपालिकाले उपलब्ध नगराएको भन्दै कर्मचारीहरूले नगरपालिकाको कार्यालय, समनपुरमा शान्तिपूर्ण धर्नासहितका दबाबमूलक कार्यक्रम सुरु गरेका हुन् । वर्षौंसम्म काम गरे पनि पारिश्रमिक नपाउँदा दैनिक जीवनयापन, परिवारको पालनपोषण तथा बिरामी पर्दा उपचार गर्नसमेत आर्थिक समस्या उत्पन्न भएको आन्दोलनरत कर्मचारीहरूको भनाइ छ ।

सम्पूर्ण करार कर्मचारीहरूको आयोजनामा सुरु गरिएको धर्नामार्फत उनीहरूले लामो समयदेखि रोकिएको बक्यौता तलबभत्ता एकमुष्ट भुक्तानी गर्न नगरपालिकासँग माग गरेका छन् ।

कर्मचारीहरूले आफ्ना मागप्रति नगरपालिका प्रशासन र जनप्रतिनिधिहरू गम्भीर नबनेको आरोपसमेत लगाएका छन् । उनीहरूले जारी गरेको विज्ञप्तिमा बक्यौता तलबभत्ता भुक्तानी नभएसम्म आन्दोलनलाई निरन्तरता दिने उल्लेख छ ।

कर्मचारीहरूले माग सम्बोधन नभए नगरपालिकाअन्तर्गत वडा नम्बर १ देखि ५ सम्मका वडा कार्यालयहरू पूर्ण रूपमा बन्द गराउने चेतावनी दिएका छन् । साथै, नगरपालिका कार्यालय परिसरमा शान्तिपूर्ण धर्ना कार्यक्रमलाई निरन्तरता दिने उनीहरूको भनाइ छ। आन्दोलनका कारण सर्वसाधारण सेवाग्राहीमा पर्न सक्ने असुविधा तथा त्यसबाट उत्पन्न हुने सम्भावित असरको सम्पूर्ण जिम्मेवारी नगरपालिका कार्यालयले नै लिनुपर्ने कर्मचारीहरूले चेतावनी दिएका छन् ।

स्थानीय तहमा वर्षौंदेखि सेवा दिँदै आएका करार कर्मचारीहरूले आफूहरूको श्रमको उचित मूल्यांकन गर्दै बाँकी पारिश्रमिक तत्काल एकमुष्ट उपलब्ध गराउन माग गरेका छन् । माग पूरा नभए आन्दोलनका कार्यक्रम थप सशक्त बनाउँदै लैजाने उनीहरूले बताएका छन् । यस विषयमा गढीमाई नगरपालिका प्रशासनको आधिकारिक धारणा भने सार्वजनिक भएको छैन ।

भोटेकोशी बाढीबाट साढे ७ हजार घरमा क्षति, तीन हप्ताभित्र अस्थायी आवास निर्माण गरिने

काठमाडौं/मस- शहरी विकास तथा भवन निर्माण विभागले भदौ १० गतेको भोटेकोशी बाढीबाट देशका विभिन्न जिल्लामा ७ हजार ५ सय ७० वटा निजी आवासमा क्षति पुगेको प्रारम्भिक तथ्यांक सार्वजनिक गरेको छ ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा विभागका महानिर्देशक ई. रवीन्द्र बोहराले बाढी र पहिरोका कारण भएको भौतिक क्षति र सरकारको आगामी पुनर्स्थापना योजनाबारे जानकारी दिएका हुन् ।

विभागको पछिल्लो तथ्यांकअनुसार सबैभन्दा बढी क्षति नुवाकोट, रसुवा र धादिङ जिल्लामा भएको छ । नुवाकोटमा ३ हजार ९ सय ७७, धादिङमा ३ हजार ४ सय ५१ र रसुवामा १ हजार ७ सय ७९ घरमा क्षति पुगेको छ । यसैगरी गोरखामा २ सय ६३ र चितवनमा ६१ वटा घर क्षतिग्रस्त भएका छन् । निजी आवासतर्फ करिब १२ अर्ब रुपैयाँ बराबरको क्षति भएको विभागको प्रारम्भिक अनुमान छ ।

त्यस्तै, ४५ वटा सरकारी भवन, विद्यालय तथा सार्वजनिक संरचनामा आंशिक र पूर्ण क्षति पुगेको छ, जसको आर्थिक भार करिब साढे ४ अर्ब रुपैयाँ बराबर रहेको महानिर्देशक बोहराले बताए । हाल बाढीपहिरो प्रभावित ३ हजार ४ सय ५० जना व्यक्तिहरू १८ वटा विद्यालय र विभिन्न सामुदायिक भवनहरूमा आश्रित छन् । विद्यालयहरू पुनः सञ्चालन गर्नुपर्ने भएकाले विस्थापितहरूलाई तत्काल स्थानान्तरण गर्न विभागले तीन हप्ताभित्र 'ट्रान्जिसनल सेल्टर' (अस्थायी आवास) निर्माण गर्ने लक्ष्य राखेको छ ।

महानिर्देशक बोहराकाअनुसार प्रिफ्याब प्रविधिको प्रयोग गरी प्रति आवास करिब एक हजार डलरको लागतमा अस्थायी घरहरू निर्माण गरिनेछ । यसका लागि करिब ९० करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ, जसमा विभिन्न दातृ निकायहरूको समेत सहयोग रहने अपेक्षा गरिएको छ । २०७२ सालको भूकम्पको तुलनामा यस पटकको विपद्को प्रकृति फरक रहेको विभागको ठम्याइ छ । उनले भने, 'भूकम्पमा घरहरू मात्र भत्किएका थिए, तर यसपटक बाढीले बस्ती नै बगाएको छ । धेरै स्थानमा जग्गा नै असुरक्षित भएकाले नयाँ जग्गा प्राप्ति र सुरक्षित स्थानको पहिचान गर्नु हाम्रो मुख्य चुनौती हो ।'

स्थायी बसोबासका लागि विभागले नुवाकोटको विदुर क्षेत्रलाई उपयुक्त स्थानका रूपमा प्रारम्भिक अध्ययन सुरु गरेको छ । स्थायी आवास निर्माणका लागि सरकारले प्रतिघर ७ लाख रुपैयाँसम्म अनुदान दिनसक्ने अनुमान गरिए पनि यसबारे मन्त्रिपरिषद्ले ठोस निर्णय गर्न बाँकी रहेको उनले स्पष्ट पारे । हाल विभागका चारवटा प्राविधिक टोली धादिङ, नुवाकोट र रसुवाका प्रभावित क्षेत्रमा खटिएका छन् । ती टोलीको विस्तृत प्रतिवेदन आएपछि ट्रान्जिसनल सेल्टर र स्थायी बस्ती विकासको कामलाई थप गति दिइने विभागले जनाएको छ ।

युएईबाट नेपाल गएर व्यवसायी पुडासैनीले गरे साढे ५१ लाख बढी सहयोग

निशान्त पाठक/मध्यान्ह
दुबई, युएई, १६ भदौ

भोटेकोशी बाढीपीडितका लागि प्रवासमा रहेका नेपाली व्यवसायी विष्णुप्रसाद पुडासैनीले प्रधानमन्त्री राहत कोषमा ५१ लाख ५१ हजार १ सय ११ रुपैयाँ सहयोग गरेका छन् । मातृभूमिप्रतिको आफ्नो दायित्व र देशप्रेम प्रस्तुत गर्दै पुडासैनीले नेपाल गएर आफ्ना बाबु गोपी पुडासैनीका साथमा अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई भेटेर सो रकम बराबरको चेक हस्तान्तरण गरेका हुन् ।

हेटौंडामा सामान्य मजदुरी गर्दै परदेशिएका पुडासैनी अहिले संयुक्त अरब इमिरेट्स (युएई)मा सफल व्यवसायीका रूपमा स्थापित छन् । निरन्तरको मिहिनेत, लगनशीलता र दूरदर्शी सोचका कारण उनी हाइड्रोजेट टेक्निकल सर्भिसेस एन्ड कन्ट्र्याक्टिङ एलएलसीका सफल सञ्चालक बनेका हुन् । 'यतिबेला नेपाली मन रोएको छ', व्यवसायी पुडासैनीले भने, 'यो अपुरणीय क्षति हो । जस्ले जति सकिन्छ सहयोग गरौं र सानै भएपनि मल्हम पट्टी लगाउने कार्य गरौं ।'

तिल्चा खोलाले बगाउँदा युवक बेपत्ता

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, १६ भदौ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-३ र ४ को बीचमा रहेको तिल्चा खोलाले मोटरसाइकलसहित बगाउँदा एक युवक बेपत्ता भएका छन् भने एक जनाको सकुशल उद्धार गरिएको छ । मंगलबार अपराह्न करिब ४ बजेतिर मुसिकोट खलंगाबाट कुनाखेततर्फ जाँदै गरेको मोटरसाइकल तिल्चा खोला तर्ने क्रममा बगेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ । खोलाले मोटरसाइकलका चालक र पछाडि सवार दुवै जनालाई बगाएको थियो ।

घटनामा मुसिकोट नगरपालिका-४ सोलाबाङका १८ वर्षीय प्रशान्त सन्यासी बेपत्ता भएका छन् । मोटरसाइकलको पछाडि बसेका रामेछापको गोकुलगंगा गाउँपालिकाका १८ वर्षीय प्रवीण बस्नेत भने खोलाको बीचमा रहेको ढुंगामा अड्किएका थिए ।

सिद्धलेकका अध्यक्ष खतिवडाको आग्रह

बाढीपछि जनजीवन संकटमा वैकल्पिक सडक तुरुन्त मर्मत गरौं

गणेश विक/मध्यान्ह
धादिङ, १६ भदौ

रसुवाको भोटेकोशीमा भदौ १० गते आएको भीषण बाढीले देशभरि नै ठूलो मानवीय र भौतिक क्षति पुऱ्याउँदा धादिङको सिद्धलेक गाउँपालिका पनि गम्भीर रूपमा प्रभावित भएको छ । हिमाली क्षेत्रमा ल्हेन्दे खोलाबाट सुरु भएको बाढी भोटेकोशी हुँदै त्रिशूली र नारायणी नदीसम्म फैलिँदा हजारौं नागरिक प्रभावित भएका छन् । यस विपत्तिमा परेर हालसम्म एक हजार बढीको मृत्यु पुष्टि भइसकेको छ । विपत्तिमा ४ हजारभन्दा बढी मानिस प्रभावित भएका छन् भने खर्बौं रुपैयाँ बराबरको क्षति भएको बताइएको छ । यसको प्रत्यक्ष असर सिद्धलेक गाउँपालिकामा समेत परेको छ । गाउँपालिका अध्यक्ष परशुराम खतिवडाका अनुसार वडा नम्बर ३, ४, ६ र ७ सबैभन्दा बढी प्रभावित भएका छन् । बाढीपछि क्षेत्रमा सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध भएको छ भने खानेपानी आपूर्ति र विद्यालय सञ्चालनमा समेत गम्भीर समस्या देखिएको छ ।

बाढीले गाउँपालिकाभित्रका तीन वटा मोटरेबल पुल बगाएको छ भने जरे पुल, घाटबेँशी-पिपलटार पुल र फुर्केखोला-धादिङबेसी पुलमा ठूलो क्षति पुगेको छ । साथै पाँचवटा झोलुंगे पुलमा समेत क्षति हुँदा स्थानीय आवागमन पूर्ण रूपमा प्रभावित भएको छ । हाल अधिकांश सडक मार्ग अवरुद्ध रहेकाले मास्टर-बेलिन्टार-आदमटार-पिपलटार-माझीटार-परेवाटार सडक खण्डलाई वैकल्पिक मार्गका रूपमा प्रयोग गर्न सकिने अध्यक्ष खतिवडाले बताएका छन् ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/११/२३ मा दर्ता भएको **दर्ता नं. ३३१४५५/०८०/०८१** को **सिग्मा ल्याब्स प्रा. लि.** को मिति २०८३/०५/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ,
इजाजत पत्र नं. ४०४, ठेगाना : त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ९८५१२१७००४

ओमनमा रोजगार कम्पनी : Siraj Quryat Trading L.L.C पूर्व स्वीकृत मितिः २०८३/०५/१६ चलानी नं.: ६०२६०५८६ शहर : OMAN L.T. No.: 347432

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Aluminium Fitter	1	0	सम्बन्धित काममा दक्ष	135	५३,२८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Blacksmith/ Aluminium Assistant	2	0		130	५१,३१६							
3.	Blacksmith/welder	1	0		135	५३,२८५							
4.	Fixing Worker, Glass Thermal Insulation	4	0		135	५३,२८५							
5.	General Metal Construction Smith	1	0		130	५१,३१६							
6.	Glass Designer	4	0		135	५३,२८५							
7.	Glass Double Glazing Machine Operator	5	0		135	५३,२८५							
8.	Glass Installer	5	0		135	५३,२८५							
9.	Metal Plate Worker	1	0		135	५३,२८५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २४ गते (9 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

New Sambriddhi Overseas Pvt. Ltd. श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Pingalastan, kathmandu, Mobile: +977-15926532, 9812757284 (Sanjib Kumar Thapa)
Itahari Branch No : 9828226395, Fax : 01-4475670, Email: sambriddhinew@gmail.com

Sandhikharka Municipality
Office of the Rural Executive
Sandhikharka, Arghakhanchi
Lumbini Province

Invitation for Bids

Date of publication: 2nd Sep.2026(2083-05-17)
IFB No: NCB/SM/G/H/02 /2083/084

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement and Supply of Medicine and Surgical Item NCB/SM/G/H/02/2083/084. Bidding is open to all eligible Bidders.[defined in the guidelines].
2. The Sandhikharka Municipality invites Sealed bids from eligible bidders for the procurement and Supply of Medicine and Surgical Item under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations- Single Stage Single Envelop Procedures .
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of the Municipal Executive, Sandhikahrka Municipality, Arghakhanchi, (Email: info@sandhikharkamun.gov.np or sandhikhakamunicipality@gmail.com Telephone No: 077-420112)
4. A complete set of Bidding Document may be purchased from the Office of the Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi by eligible Bidders on the Submission of a Written application, along with the copy of Company/ firm registration certificate, and upon payment of a non -refundable fee of NPR 3000 till 22nd Sep.2026 (2083-06-06) during office hour in the account as Specified below.
   Information to deposit the cost of bidding document in Bank:
   - Name of the Bank: Rastriya Banijya Bank Ltd.
   - Name of the Office: Sandhikharka Municipality, Arghakhanchi
   - Office Account no: 3050100301010002 (for bid fee only)
   - Rajaswa (revenue) Shirshak no :SANDHIKHARKA NP.PA.(GA-1-1)-AANTAR
5. Pre-bid meeting shall be held at Sandhikharka Municipality, Arghakhanchi Lumbini Province, Nepal at 15th Sep.2026 13:00
6. Sealed bids must be submitted to the office of the Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi by hand/courier on or before 12.00 on 23rd Sep.,2026(2083-06-07). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13.00 on 23nd Sep.2026 (2083-06-07) at the office of the Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security amounting to a minimum of NPR 72,000.00 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. on 21th Jan.2027(2083-10-07)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

राहत वितरण सहज बनाऊ

भोटेकोशीको बाढीले रसुवा, नुवाकोटलगायतका जिल्लामा ठुलो मानवीय र भौतिक क्षति पुऱ्याएको छ । बाढी आएको एक साता बितिसक्दा पनि धेरै विस्थापित परिवारले पर्याप्त राहत, खाद्यान्न, औषधि र सुरक्षित आवास पाउन सकेका छैनन् । विपत्तिमा उद्धारपछि राहतको पालो आउँछ । तर, राहत नै पीडितसम्म पुग्न ढिलो भयो भने राज्यको विपद् व्यवस्थापनमाथि नै शंका उब्जिन्छ । सरकारले राहत वितरणका लागि एकद्वार प्रणाली अपनाएको छ । यसको उद्देश्य आफैंमा राम्रो भए पनि कार्यान्वयन प्रभावकारी देखिएन । सडक र पुल बगेर कतिपय बस्ती सम्पर्कविहीन छन् । हेलिकोप्टरबाहेक अर्को विकल्प नभएका ठाउँ पनि छन् । यस्तो अवस्थामा राहत व्यवस्थापन सामान्य अवस्थाको जस्तो हुन सक्दैन । भौगोलिक कठिनाइलाई देखाएर पीडितलाई लामो समय अभावमा राख्न पनि मिल्दैन ।

विपत्मा अहिले देखिएको सबैभन्दा ठुलो कमजोरी भनेको आपसी समन्वयअभाव नै हो । संघीय सरकारले पठाएको राहत स्थानीय आवश्यकता र अवस्थाअनुसार तत्काल वितरण हुनुपर्छ । त्यसका लागि स्थानीय सरकारसँग पर्याप्त समन्वय र सहकार्य अनिवार्य हुन्छ । राहत सामग्री कुनै क्याम्प वा भण्डारणस्थलमा थन्किने, तर पीडित भोकै बस्ने अवस्था आउन दिनुहुँदैन ।

सरकारले अब राहत वितरणको प्राथमिकता स्पष्ट गर्नुपर्छ । घरबार गुमाएका, आफन्त गुमाएका र विस्थापित परिवार पहिलो प्राथमिकतामा पर्नुपर्छ । खानेकुरा, पिउने पानी, औषधि, कपडा र अस्थायी आवास तत्काल सुनिश्चित गरिनुपर्छ । ग्यास अभाव भएका क्षेत्रमा खाना पकाउने वैकल्पिक व्यवस्था पनि गर्नुपर्छ ।

स्थानीय सरकारलाई राहत व्यवस्थापनमा अझ सक्रिय भूमिका दिन आवश्यक छ । उनीहरूलाई आवश्यक स्रोत, साधन र अधिकार उपलब्ध गराउनुपर्छ । प्रदेश सरकार पनि समन्वय र सहजीकरणमा अग्रसर हुनुपर्छ । संघीय सरकारले निर्देशन दिने मात्र होइन, समस्या समाधानका लागि आवश्यक सामग्री र जनशक्ति तत्काल परिचालन गर्नुपर्छ ।

अहिले देशभित्र र विदेशबाट पर्याप्त सहयोग जुटिरहेको छ । प्रधानमन्त्री राहत कोषमा पनि ठुलो रकम संकलन भइसकेको छ । यस्तो अवस्थामा स्रोतको अभाव देखाएर राहतमा ढिलाइ गर्न मिल्दैन । उपलब्ध स्रोतलाई पारदर्शी र प्रभावकारी ढंगले परिचालन गर्नु सरकारको दायित्व हो । विपद्मा नागरिकले राज्य खोज्छ । अहिले रसुवा, नुवाकोट र धादिङका विस्थापित परिवारले राज्यको अनुभूति गर्न चाहेका छन् । त्यसैले राहत सामग्री पीडितको हातमा पुऱ्याउनमा ध्यान केन्द्रित गर्नुपर्छ । उद्धारमा जस्तै राहत व्यवस्थापनमा पनि संघ, प्रदेश र स्थानीय तहबीच बलियो समन्वय आवश्यक छ । पीडितको पीडामाथि थप पीडा नहोस् ।

विपद्पछि उद्धार र पुनर्निर्माण

हालैको विपद्मा अन्तर्राष्ट्रिय सहयोग नपर्खिई राष्ट्रिय स्रोत र सुरक्षा निकाय परिचालन गरेर सरकारले प्रभावकारी उद्धार तथा राहत कार्य गरेको छ । अबको मुख्य प्राथमिकता क्षतिको मूल्यांकन, पीडितको सुरक्षित पुनर्वास र पर्यटनलगायत पूर्वाधारको विपद्-प्रतिरोधी दिगो पुनर्निर्माण हो । यसका लागि सरकार, निजी क्षेत्र, सामाजिक संस्था र गैरआवासीय नेपाली (एनआरएनए)बीच बलियो रणनीतिक सहकार्य आवश्यक छ ।

अग्रलेख

● सोमनाथ सापकोटा

जलवायु परिवर्तनको तीव्र असर र बढ्दो प्राकृतिक जोखिमको सामना गरिरहेको नेपालका लागि विपद् व्यवस्थापन सधैं एउटा कठिन परीक्षा बन्दै आएको छ । पछिल्लो समय देशका विभिन्न भागमा आएको विनाशकारी बाढी, पहिरो र आकस्मिक प्राकृतिक प्रकोपका कारण हामीले ठुलो मानवीय, भौतिक तथा आर्थिक क्षति व्यहोर्नुपरेको छ । अनेकौं दाजुभाइ तथा दिदीबहिनीले अकालमा ज्यान गुमाएका छन्, सयौं परिवार घरबारविहीन भई विस्थापित बनेका छन् । नेपाल भ्रमणमा आएका विदेशी पर्यटकसमेत विपद्मा परेकका छन् । सडक, पुल, जलविद्युत् आयोजना, बस्ती, पर्यटकीय पदमार्ग तथा अन्य सार्वजनिक पूर्वाधारमा पुगेको व्यापक क्षतिले देशको समग्र विकास गतिलाई नै पछाडि धकेलिदिएको छ ।

यस्तो पीडादायी र संकटपूर्ण परिस्थितिमा राज्यको सबैभन्दा पहिलो दायित्व मानवीय संवेदनशीलता, शीघ्र उद्धार, राहत वितरण र प्रभावकारी समन्वय नै हो । संकटको घडीमा राज्यको उपस्थिति र भूमिका सर्वोच्च हुन्छ । यद्यपि, यस्ता विशाल चुनौतीको सामना केवल सरकारी संयन्त्रको एक्लो प्रयासबाट मात्र सम्भव हुँदैन । यसका लागि सरकार, सुरक्षा निकाय, स्थानीय तह, निजी क्षेत्र, सामाजिक संघसंस्था, नागरिक समाज, सञ्चार क्षेत्र तथा विश्वभर छरिएर रहेका नेपालीहरूको एकीकृत र सामूहिक प्रयास अपरिहार्य हुन्छ ।

राष्ट्रिय क्षमताको प्रदर्शन

विगतका कतिपय विपद् व्यवस्थापनका तुलनामा यसपटक वर्तमान सरकारको भूमिका धेरै हदसम्म प्रभावकारी, कार्यमुखी र तत्काल परिणाम दिनेखालको देखिएको छ । विशेषगरी विपद् घट्नासाथ राष्ट्रिय स्रोत, राज्यका संयन्त्र र सुरक्षा निकायलाई द्रुत गतिमा परिचालन गर्ने प्रयासले सरकारको आपत्कालीन कार्यक्षमतालाई उजागर गरेको छ । कठिन र जोखिमपूर्ण भौगोलिक स्थितिमा पनि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन तथा स्थानीय समुदायले देखाएको समर्पणका कारण खोज, उद्धार र प्राथमिक राहत कार्यमा ठुलो सफलता मिलेको छ ।

यसपटकको विपद् व्यवस्थापनमा देखिएको सबैभन्दा सबल पक्ष भनेको वैदेशिक वा अन्तर्राष्ट्रिय सहयोगको प्रतीक्षा नगरी प्रारम्भिक चरणमै आफ्नै राष्ट्रिय स्रोत-साधन र संयन्त्रलाई पूर्ण क्षमतामा परिचालन गरिनु हो । संकटको पहिलो घडीमा उपलब्ध राष्ट्रिय जनशक्ति, सुरक्षा संयन्त्र, प्रशासनिक ढाँचा र आन्तरिक स्रोतको समयमै उपयोग हुनुले राज्यको आत्मबल र सामर्थ्यलाई प्रमाणित गरेको छ । यसले विपद्को समयमा नेपाल आफैंले प्रारम्भिक उद्धार तथा राहत व्यवस्थापन गर्न सक्छ भन्ने राष्ट्रिय क्षमता र आत्मविश्वास निर्माण गरेको छ । साथै, आगामी दिनमा आवश्यकताअनुसार वैदेशिक सहायता र अन्तर्राष्ट्रिय मानवीय साझेदारीलाई पारदर्शी तथा प्रभावकारी रूपमा समन्वय गर्ने ठोस आधारसमेत तयार पारेको छ ।

संकटको बेला 'राज्य कहाँ छ ?' भन्ने नागरिकको स्वाभाविक प्रश्नको उत्तर व्यवहारमै देखिनु लोकतान्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष हो । बस्ती-बस्तीमा सरकार देखिनु, सुरक्षा संयन्त्र चौबीसै घण्टा खटिनु र पीडितसम्म राज्यको पहुँच पुग्नु आफैंमा महत्त्वपूर्ण उपलब्धि हो । राष्ट्रप्रमुख तथा सरकार प्रमुखको सक्रिय उपस्थिति र अनुगमनले राज्यका सबै अंगहरूलाई एउटै उद्देश्यका साथ काम गर्न प्रेरित गरेको छ । यद्यपि, यो सकारात्मक अनुभवलाई अब तदर्थवादमा सीमित नराखी संस्थागत गर्नु आवश्यक छ । कुनै एउटा विपद्का बेला राम्रो काम गर्नु मात्र पर्याप्त हुँदैन, यस क्षमतालाई स्थायी, प्रविधिमैत्री र आधुनिक 'राष्ट्रिय विपद् व्यवस्थापन प्रणाली'का रूपमा रूपान्तरण गरिनुपर्छ ।

पर्यटनमा धक्का

यस विपद्को अर्को अत्यन्त संवेदनशील पाटो भनेको नेपाल भ्रमणमा आएका अन्तर्राष्ट्रिय पर्यटक, तीर्थयात्री तथा विदेशी नागरिकको ज्यान जानु वा बेपत्ता हुनु हो । यस घटनाले नेपाललाई मात्र नभई उनीहरूका परिवार, सम्बन्धित देशका सरकार र सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायलाई नै गहिरो मानवीय पीडा दिएको छ । नेपाल विश्व मानचित्रमा हिमाल, जैविक विविधता, कला-संस्कृति, आध्यात्मिकता र साहसिक पर्यटनका लागि एक प्रमुख गन्तव्य हो । त्यसैले नेपालमा आउने विदेशी पर्यटकको सुरक्षा केवल हाम्रो पर्यटन उद्योगको व्यावसायिक विषय मात्र होइन, यो अन्तर्राष्ट्रिय यात्रु सुरक्षा र कूटनीतिक विश्वाससँग जोडिएको अहम् विषय पनि हो ।

यति ठुलो प्राकृतिक विपद्ले नेपालको पर्यटन क्षेत्रमा तात्कालिक र दीर्घकालीन असर पार्नु अस्वाभाविक होइन । अन्तर्राष्ट्रिय स्तरमा यात्रा बुकिङ रद्द हुने, नयाँ पर्यटकको आगमन घट्ने, प्रमुख पदमार्ग तथा धार्मिकस्थल क्षतविक्षत हुने र होटल, ट्राभल, गाइड, हस्तकला तथा यातायात क्षेत्रको आम्दानी सुक्ने निश्चित छ । पर्यटन क्षेत्र नेपालको अर्थतन्त्र, वैदेशिक मुद्रा आर्जन, रोजगारी र ग्रामीण समुदायको जीविकोपार्जनसँग प्रत्यक्ष जोडिएकाले यसमा आउने संकटले सम्पूर्ण मूल्य शृंखलालाई नै धराशायी बनाउने जोखिम हुन्छ ।

आज हामीले गुमाएका वा प्रभावित बनेका विदेशी पर्यटकको पीडामा नेपाल पूर्ण रूपमा आहत छ । उनीहरूको शीघ्र खोजी, वैज्ञानिक पहिचान, उद्धार र सम्बन्धित देश तथा परिवारसम्म पारदर्शी सूचना पुऱ्याउनु नेपालको मानवीय दायित्व र अन्तर्राष्ट्रिय कूटनीतिक जिम्मेवारी हो । यसबाट संकटको घडीमा पनि नेपाल एक जिम्मेवार र सुरक्षित गन्तव्य हो भन्ने सन्देश विश्वभर पुग्छ ।

पुनरुत्थान, पुनर्निर्माण र गैरआवासीय नेपालीको भूमिका

विपद्को तात्कालिक चरण उद्धार र राहत भए पनि यसको वास्तविक चुनौती भनेको दिगो पुनरुत्थान र पुनर्निर्माण हो । यस विपद्ले नेपालसँग संकटको सामना गर्ने ठुलो सामाजिक पुँजी र ऐक्यबद्धता छ भन्ने पुनः प्रमाणित गरेको छ । सरकारी संयन्त्रका साथसाथै स्वदेशी उद्योगी-व्यवसायी, सामाजिक संघसंस्था, गैरसरकारी क्षेत्र, स्थानीय समुदाय, युवा स्वयंसेवक र विश्वभर छरिएर रहेका नेपालीहरू (नेपाली डायस्पोरा)ले ऐक्यबद्धता जनाउँदै सहयोगको हात बढाएका छन् ।

विशेषगरी गैरआवासीय नेपाली संघ (एनआरएनए) र विश्वभरका नेपालीहरू विपद् व्यवस्थापनको हरेक चरणमा महत्त्वपूर्ण साझेदार बन्दै आएका छन् । आपत्कालीन राहत कोष स्थापना, स्वास्थ्य तथा राहत सामग्रीको व्यवस्थापन, क्षति पुगेका पूर्वाधारको पुनर्निर्माण र अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको सकारात्मक छवि कायम राख्न डायस्पोराको भूमिका अतुलनीय छ । अहिलेको मुख्य आवश्यकता भनेको भत्किएका संरचनालाई पुरानै ढाँचामा ठड्याउनु मात्र होइन, भविष्यमा आउन सक्ने सम्भावित जोखिमलाई सहनसक्ने विपद्-प्रतिरोधी पूर्वाधार निर्माण गर्नु हो । हाम्रा सडक, पुल, जलविद्युत् आयोजना र बस्तीलाई जलवायु परिवर्तन र भौगोलिक जोखिमसुहाउँदो प्रविधि प्रयोग गरेर पुनर्निर्माण गरिनुपर्छ ।

नेपालसँग जल, जमिन, प्राकृतिक सौन्दर्य र श्रमशील जनशक्ति छ । कमी छ त केवल दीर्घकालीन राष्ट्रिय सोच, वैज्ञानिक योजना र दृढ इच्छाशक्तिको । त्यसैले अबको बहस केवल राहत सामग्री बाँड्नमा मात्र सीमित नभई कति संरचना विपद्-प्रतिरोधी बने, कति विस्थापितको सुरक्षित पुनर्वास भयो र भविष्यका लागि कस्तो पूर्वसूचना प्रणाली विकास गरियो भन्ने परिणाममा केन्द्रित हुनुपर्छ । सरकार, निजी क्षेत्र, सामाजिक संस्था र गैरआवासीय नेपालीहरूको एकीकृत प्रयासबाट मात्रै विपद्को यो संकटलाई चिर्दै सुरक्षित, दिगो र समुन्नत नेपालको निर्माण सम्भव छ ।

(गौतम गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्का प्रवक्ता हुन् ।)

वैदेशिक रोजगारीमा प्रविधि र विकेन्द्रीकरण

समाज

● रामराजा गौतम

बाढी-पहिरोले सडक अवरुद्ध हुँदा वैदेशिक रोजगारीमा जाने कामदारले सास्ती व्यहोरेका छन् । संकटका बेला प्रशासनिक ढिलासुस्ती अन्त्य गर्दै अनलाइन/हाइब्रिड पूर्व-प्रस्थान अभिमुखीकरण र विकेन्द्रित सेवा प्रणालीमार्फत प्रविधिको प्रयोग गरी श्रमिकलाई राहत दिनु र वैदेशिक रोजगारीलाई सहज बनाउनु राज्यको दायित्व हो ।

नेपालमा निरन्तरको वर्षा, बाढी र पहिरोका कारण देशका प्रमुख राजमार्ग तथा यातायातका मार्गहरू गम्भीर रूपमा अवरुद्ध छन् । हिमाली र पहाडी भेगदेखि तराईका धेरै ठाउँमा नागरिकको आवतजावत असहज बनेको छ । प्राकृतिक विपत्तिको यो कठिन समयमा वैदेशिक रोजगारीका लागि विदेश जाने अन्तिम तयारीमा रहेका हजारौं नेपाली श्रमिक ठुलो मर्कामा परेका छन् । वैदेशिक रोजगारीका लागि लिइने श्रम स्वीकृति तथा कागजात प्रमाणीकरणका अधिकांश प्रक्रिया अनलाइन प्रणालीबाट भइसके पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै उड्नुपर्ने बाध्यता र काठमाडौंमै आएर पूर्व-प्रस्थान अभिमुखीकरण (ओरिएन्टेसन) कक्षा लिनुपर्ने अव्यावहारिक व्यवस्थाका कारण धेरै श्रमिकको विदेश जाने प्रक्रिया अलपत्र परेको छ ।

बाढी-पहिरोले बाटो बन्द हुनु प्राकृतिक विपत्ति हो । तर, यस्तो संकटको घडीमा प्रविधिको उपयोग गरी वैकल्पिक व्यवस्था गर्न नसक्नु भनेको राज्यको गम्भीर प्रशासनिक कमजोरी हो । यसै सन्दर्भमा, वैदेशिक रोजगार नैतिक अभिमुखीकरण राष्ट्रिय संघले तत्कालीन समाधानका रूपमा 'हाइब्रिड ओरिएन्टेसन' (भौतिक र भर्चुअल दुवै) प्रणाली सञ्चालन गर्न सकिने स्पष्ट प्रस्ताव अघि सारेको थियो । तर, विभिन्न कानुनी उल्झन र डिजिटल प्रणालीमा जान नचाहने केही व्यवसायी तथा बिचौलियाहरूको अवाञ्छित दबाबका कारण यो सुधारको प्रयास रोकियो । संघले हाल सञ्चालनमा रहेका संस्थाहरूलाई नै पूर्ण रूपमा जिम्मेवार र जवाफदेही बनाई भौतिक कक्षाका साथै भर्चुअल माध्यमबाट तालिम सञ्चालन गर्ने खाका प्रस्तुत गरेको थियो ।

यस हाइब्रिड मोडलको उद्देश्य अत्यन्त स्पष्ट र श्रमिकमैत्री थियो । कामदार र सरकारलाई थप कुनै आर्थिक भार नपर्ने गरी गाउँगाउँबाटै पूर्व-प्रस्थान अभिमुखीकरण तालिम लिन सकिने, सबै अभिलेख डिजिटल प्रणालीमा आबद्ध गरी कर प्रणालीलाई चुस्त बनाइने, विभिन्न बहानामा हुने ठगी तथा कमिसनतन्त्र अन्त्य गरिने र वैदेशिक रोजगार विभागको सूचना प्रणालीअन्तर्गत रहेर सिकाई मूल्यांकनपश्चात् मात्र प्रमाणपत्र जारी गर्ने व्यवस्था यसमा समावेश थियो । आजको संकटले त्यही रोकिएको प्रस्तावको आवश्यकतालाई झन् अपरिहार्य र सान्दर्भिक साबित गरिदिएको छ ।

यदि हाइब्रिड अभिमुखीकरण प्रणाली समयमै सञ्चालनमा ल्याइएको भए श्रमिकहरूको काठमाडौंसम्म आउनेजाने समय र ठुलो धनराशि बचत हुने निश्चित थियो । अहिले बाटो अवरुद्ध भएका दूरदराजका श्रमिकले आफ्नै घर वा नजिकैको सेवा केन्द्रबाट सहजै तालिम लिन सक्ने थिए । यसका साथै पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउने हो भने काठमाडौं धाउनुपर्ने बाध्यता हट्नेछ । नेपालमा प्रविधिको प्रयोग गर्ने क्षमता वा स्रोत साधनको अभाव होइन, मुख्य समस्या प्रशासनिक इच्छाशक्तिको कमी नै देखिन्छ ।

हाल वैदेशिक रोजगारीमा जाने श्रमिकलाई गुणस्तरीय र देशगत ज्ञान दिने उद्देश्यले निश्चित क्लस्टरमा वर्गीकरण गरिएको छ । कतिपय संस्थाहरूले सबै प्रदेशमा यो सुविधा पुऱ्याउन देशगत प्रशिक्षक सञ्चालनका लागि विभागसमक्ष निवेदन दिए पनि लामो समयदेखि कुनै सुनुवाइ भएको छैन । यस्ता फाइलहरू मन्त्रालय र विभागका घरमा थन्किँदा त्यसको प्रत्यक्ष मार विदेश जाने गरिब श्रमिकमाथि परिरहेको छ । कानुन सुधारको साधन हुनुपर्नेमा त्यसलाई चुकुल बनाएर परिवर्तन रोक्ने वैदेशिक रोजगार विभागको परम्परागत ढर्रामा व्यापक सुधार आवश्यक छ ।

सरकारले सुधारको कुनै प्रस्ताव आउनासाथ त्यसलाई शंकाको दृष्टिले हेर्ने र 'कसको स्वार्थ छ' भनेर मात्र खोतल्ने प्रवृत्ति त्याग्नुपर्छ । पहिलो प्रश्न हुनुपर्छ, यसबाट नेपाली श्रमिकलाई के फाइदा हुन्छ ? दोस्रो, यसलाई कसरी पारदर्शी र नियमनयोग्य बनाउन सकिन्छ ? सीमित संस्थाहरूबाट हाइब्रिड ओरिएन्टेसनको पाइलट कार्यक्रम सुरु गरेर यसको प्रभावकारिता परीक्षण गर्न सकिन्छ । सरकारले पाठ्यक्रम, उपस्थिति, परीक्षा र अनलाइन अनुगमनका कडा मापदण्ड तोकेर नियन्त्रण कायम गर्न सक्छ । सफल भए विस्तार गर्ने र असफल भए खारेज गर्ने विकल्प सधैं खुला रहन्छ । अहिलेको संकटले एउटा स्पष्ट सन्देश दिएको छ- केन्द्रीकृत सेवा प्रणाली संकटको समयमा निकै कमजोर हुन्छ । एउटा सडक बन्द हुँदा सयौं किलोमिटर टाढाका नागरिकको मौलिक अधिकार र रोजगारीको अवसर खोसिन्छ भने त्यसलाई नागरिकमैत्री शासन भन्न सकिँदैन ।

हजारौं नेपाली परिवार आफ्ना सदस्य विदेश गएर कमाउने आशामा छन् । कसैले साहुको ऋण काढेका छन् त कसैले घरजग्गा धितो राखेका छन् । समयमै ओरिएन्टेसन नपाएर उडान छुट्दा श्रमिकको रोजगारी गुम्न सक्छ । त्यसैले अहिलेको संकटलाई प्रशासनिक बहाना बनाउनुको साटो सुधारको ठुलो अवसरका रूपमा लिनुपर्छ । आज प्राकृतिक बाटो बन्द छ, तर प्रविधि र नीतिमार्फत नागरिकका लागि सुधारको बाटो कहिल्यै बन्द हुनुहुँदैन ।

(गौतम वैदेशिक रोजगार नैतिक अभिमुखीकरण राष्ट्रिय संघका अध्यक्ष हुन् ।)

इतिहासको पाना

● सुनिल उलक

जुद्धशमशेरको त्यो घोडचढी सालिक

वि.सं. २००५ जेठ ३१ गते जावलाखेल चोकमा तत्कालीन श्री ३ मोहनशमशेरले जुद्धशमशेर राणाको घोडचढी सालिक अनावरण गरेका थिए । यो काठमाडौं उपत्यकामा राखिएका घोडचढी सालिकहरूमध्ये श्रीपेच नलगाएको एक मात्र सालिक हो । पहिलो राणा श्री ३ जंगबहादुरबाट सुरु भएको घोडचढी सालिकको इतिहास अन्तिम राणा श्री ३ मोहनशमशेरसम्म नै कायम रह्यो ।

जंगबहादुरले सालिक बनाउने सोच बनाए पनि उनको जीवनकालमा त्यो सम्भव भएन । तर, उनीपछि श्री ३ बनेका भाइ रणोद्वीप सिंहले श्री ३ जंगबहादुरको सालिक बनाउन लगाएका थिए । यो सालिक समयमै काठमाडौं आइपुगे पनि कहाँ राख्ने भन्ने टुंगो नभएर करिब दुई वर्ष छोपेर राखिएको थियो । पछि रणोद्वीपको पनि सालिक आइपुगेपछि दुवै सालिक एकै दिन वि.सं. १९४१ चैत १४ गते उद्घाटन गरियो । जंगको सालिक तत्कालीन समयमा धरहरा र भद्रकालीबीचको चोकमा राखिएको थियो भने रणोद्वीपको सालिक बागबजार चोकमा स्थापना गरिएको थियो । यी दुवै सालिक बेलायती मूर्तिकार थोमस ब्रकले बनाएका थिए ।

रणोद्वीपको हत्या गरी श्री ३ बनेका वीरशमशेरले आफ्ना बुवा धीरशमशेरको सालिक बनाउन लगाएर वि.सं. १९५० फागुन २८ गते न्युरोड गेटअगाडि स्थापना गराएका थिए । वीरशमशेरपछि चन्द्रशमशेरले दाजु वीरशमशेरको सालिक बनाउन लगाएर वि.सं. १९६४ वैशाख १६ गते वीर अस्पतालअगाडिको चोकमा स्थापना गराए ।

वि.सं. १९८६ फागुन २ गते श्री ३ भीमशमशेरकै समयमा राजा पृथ्वीवीरविक्रम शाहको सालिक रानीपोखरीको पश्चिममा स्थापना गराइयो । यस सालिकको अनावरण राजा त्रिभुवनले गरेका थिए । यसभन्दा अगाडिका सालिकहरू बेलायती मूर्तिकार थोमस ब्रकले बनाएका भए पनि यसपछिका सालिकहरू भने बेलायतमा नै बस्ने इटालीका मूर्तिकार डोमेनिको एन्टोनियो टोनेलीले बनाएका थिए ।

चन्द्रशमशेरले पनि आफ्नै जीवनकालमा आफ्नो सालिक स्थापना गर्ने चाहना राखेका थिए । तर दुर्भाग्यवश, उनको सालिक बोकेको पानीजहाज डुबेर नष्ट भएपछि निर्मातालेनयाँ सालिक बनाएर पठाउँदा नेपालमा श्री ३ भीमशमशेरको शासनकाल सुरु भइसकेको थियो । श्री ३ भीमले वि.सं. १९८६को अन्त्यमा सैनिक अस्पतालअगाडिको चोकमा उक्त सालिक स्थापना गराए ।

जुद्धशमशेरले दाजु श्री ३ देवशमशेरको सालिक पनि बनाउन लगाएर जावलाखेलमा स्थापना गराएका थिए । जुद्धशमशेरले टोनेलीलाई आफ्नी आमा जुहार कुमारी तथा देवशमशेरकी रानीको पनि मूर्ति बनाउन लगाएका थिए । यी दुई मूर्ति जावलाखेलस्थित चिडियाखानाभित्र स्थापना गरिएका छन् ।

उपत्यकामा रहेका घोडचढी सालिकहरूमध्ये अन्तिम सालिक जुद्धशमशेरको हो । यो सालिक जुद्धशमशेरले आफ्नै शासनकालमा इटालीका मूर्तिकार डोमेनिको एन्टोनियो टोनेलीलाई तयार पार्न लगाएका थिए । तर, समयमै तयार नभएकाले पछि श्री ३ मोहनशमशेरले यो सालिक जुद्धशमशेरको दरबार रहेको जावलाखेल चोकमा वि.सं. २००५ जेठ ३१ गते अनावरण गरे । यो सालिक स्थापनाको सम्पूर्ण तयारी जुद्धशमशेरका छोरा नारायणशमशेरले गरेका थिए । अन्य सालिकहरूमा श्रीपेच लगाएको देख्न सकिन्छ, तर यस सालिकमा भने श्रीपेचको साटो टोपी लगाइएको छ ।

उपत्यकाका विभिन्न चोकमा रहेका राणाकालीन सालिकहरू २०१७ सालमा राजा महेन्द्रको कोपभाजनको सिकार हुनुपऱ्यो । बेलायती महारानी एलिजाबेथको भ्रमणको तयारीका क्रममा चोक-चोकमा रहेका धेरैजसो सालिकहरू पुराना स्थानबाट हटाएर टुँडिखेल र भद्रकालीनजिक सारियो ।

राधाकृष्ण मन्दिर निर्माणमा भ्रष्टाचार

पर्यटन विकास कार्यालयका कर्मचारीसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/मस-रौतहटको पौराहा नगरपालिका-९ स्थित राधाकृष्ण मन्दिरको अधुरो भवन निर्माणमा वास्तविक कामभन्दा बढी काम भएको देखाएर भुक्तानी लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पर्यटन विकास कार्यालय, गौरका तत्कालीन निमित्त कार्यालय प्रमुखसहित ५ जनाविरुद्ध विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।अख्तियारका अनुसार आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेश सरकार, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयअन्तर्गतको पर्यटन विकास कार्यालय, गौर, रौतहटबाट सञ्चालित निर्माण योजनामा निर्धारित मापदण्डविपरीत न्यून गुणस्तरको काम गरी अनियमितता गरिएको भन्ने उजुरी परेको थियो ।

उक्त उजुरीमाथि अनुसन्धान गर्दा निर्माण कार्यमा संलग्न सरकारी कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीबीच मिलेमतो गरी वास्तविक रूपमा नभएको कामलाई भएको देखाई सरकारी रकम भुक्तानी गरेको पाइएको आयोगले जनाएको छ ।

५० लाख ६६ हजारको योजना

आयोगका अनुसार पौराहा नगरपालिका-९ स्थित रामपुर पोखरीको डिलमा अधुरो शिवनाथ भवन निर्माण, भैरवनाथ मन्दिर निर्माण तथा राधाकृष्ण मन्दिरको अधुरो भवन निर्माणका लागि पर्यटन विकास कार्यालय, गौरले ५० लाख ६६ हजार ९७५ रुपैयाँको लागत अनुमान तयार गरी स्वीकृत गरेको थियो ।

सोहीअनुसार निर्माण कार्य अघि बढाउन कार्यालय र सम्बन्धित उपभोक्ता समितिबीच सम्झौता भएको थियो । निर्माणको क्रममा प्राविधिक कर्मचारीले स्थलगत नापजाँच गरी नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेका थिए । तर अख्तियारको अनुसन्धानका क्रममा ती कागजातमा उल्लेख गरिएको निर्माणको परिमाण र वास्तविक रूपमा निर्माणस्थलमा भएको कामबीच तुलना गर्दा ठूलो फरक देखिएको हो ।

नभएको काम भएको देखाएर भुक्तानी

अख्तियारका अनुसार निर्माणस्थलमा वास्तवमा भएको कामभन्दा नापी किताब र कार्यसम्पन्न प्रतिवेदनमा ६ लाख ८० हजार ५९२ रुपैयाँ ४३ पैसा बराबरको बढी काम देखाइएको थियो ।

वास्तविक रूपमा नभएको निर्माण कार्यलाई समेत सम्पन्न भएको देखाई गलत नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरिएको र त्यसैका आधारमा झुट्टा बिल भरपाई बनाई सरकारी रकम भुक्तानी लिने-दिने कार्य भएको अनुसन्धानबाट खुलेको आयोगको भनाइ छ ।

आयोगले यसबाट नेपाल सरकार, मधेश प्रदेश सरकार तथा पर्यटन विकास कार्यालय, गौर, रौतहटलगायत सार्वजनिक संस्थालाई आर्थिक हानि पुगेको जनाएको छ ।

तत्कालीन निमित्त कार्यालय प्रमुखसहित ३ कर्मचारी प्रतिवादी

अख्तियारले भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको आरोपमा पर्यटन विकास कार्यालय, गौरका तत्कालीन निमित्त कार्यालय प्रमुख राजेश काफ्ले, इन्जिनियर सन्दीप प्रकाश तिमल्सेना र इन्जिनियर नितेश कुमार पटेललाई प्रतिवादी बनाएको छ ।

उनीहरूले आपसी मिलेमतो तथा योजनामा बदनियत राखी निर्धारित सर्त तथा मापदण्डविपरीत वास्तविक रूपमा नभएको निर्माण कार्यलाई भएको देखाई नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको अख्तियारको आरोप छ । आयोगले उनीहरूविरुद्ध ६ लाख ८० हजार ५९२ रुपैयाँ ४३ पैसा बिगो कायम गरेको छ ।

उक्त बिगोबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिम कैद तथा बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर गर्न मागदाबी गरिएको छ ।

यसका साथै गलत प्रतिवेदन तयार गरेको आरोपमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमसमेत थप कैद तथा जरिवानाको सजाय माग गरिएको छ ।

उपभोक्ता समितिका अध्यक्ष र कोषाध्यक्ष पनि प्रतिवादी

अख्तियारले निर्माण कार्यमा संलग्न उपभोक्ता समितिका अध्यक्ष खहेरू साह तेली र कोषाध्यक्ष कुन्ती देवीलाई समेत प्रतिवादी बनाएको छ ।

आयोगका अनुसार सरकारी कर्मचारीबाट भएको भ्रष्टाचारजन्य कार्यमा उनीहरूले मतियारका रूपमा भूमिका खेलेका थिए । वास्तविक कामभन्दा बढी काम भएको देखाई तयार गरिएका कागजातका आधारमा सरकारी रकम भुक्तानी लिने कार्यमा उनीहरूको समेत संलग्नता रहेको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ ।

उनीहरूविरुद्ध पनि ६ लाख ८० हजार ५९२ रुपैयाँ ४३ पैसा बिगो कायम गरिएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मतियारको कसुर गरेको ठहर गर्दै मुख्य कसुरदारलाई हुने सजायसरह कैद, बिगोबमोजिम जरिवाना र बिगो असुलउपर गर्न मागदाबी गरिएको छ।

प्राविधिक प्रतिवेदनकै आधारमा अनियमितता

अख्तियारको अनुसन्धानले निर्माण कार्यमा प्राविधिक मूल्यांकन तथा नापीसम्बन्धी कागजातको प्रयोग गरी सरकारी रकम बढी भुक्तानी गरिएको विषयलाई मुख्य रूपमा औंल्याएको छ । स्थलगत रूपमा भएको वास्तविक काम र कागजातमा उल्लेख भएको कामबीच फरक हुँदाहुँदै त्यसलाई सच्याउनुको सट्टा बढी काम भएको देखाएर कार्यसम्पन्न प्रतिवेदन तयार गरिएको आयोगको निष्कर्ष छ । त्यसपछि सोही प्रतिवेदनका आधारमा बिल भरपाई तयार गरी रकम भुक्तानी गरिएको र त्यसबाट सार्वजनिक स्रोतमा आर्थिक क्षति पुगेको अख्तियारको दाबी छ ।

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना १७ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय बेनिघाटबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा र घर कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण

नामजदिन मियाको छोरी हपि जुल्लाको बुहारी रफि मियाको पत्नी गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **जमिला मिया** (ना.प्र.नं. : ४४१००४/१९७ जारी मिति र जिल्ला : २०६४/१२/१८, गोरखा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) नसिर डिन मियाको नाति हपि जुल्लाको छोरा गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **रफि मिया** (ना.प्र.नं. : ६४ जारी मिति र जिल्ला : २०४५/०२/१३, गोरखा)

२) महि डिन मियाका नाति समसोदिन मियाँको छोरा गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **मोहम्मद रफिक मिया** (ना.प्र.नं. : २६०५५ जारी मिति र जिल्ला : २०४६/०४/३०, गोरखा)

यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :
मिति २०८१/११/२५ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धनीको नाम	धितो ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
जमिला मिया	गोरखा जिल्ला घ्याल्चोक वडा नं. ९	९	२९५१	०-२-३-२

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल असोज महिना ६ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय बेनिघाट आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल २०८३ साल असोज महिना ७ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय बेनिघाटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/०८/१४ मा दर्ता भएको **प्रा. लि. नं. ३२४०६** को श्री **युनिभर्सल ड्रिम एजुकेशन फउण्डेशन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६८/११/२३ मा दर्ता भएको **प्रा.लि.नं. ९१२६८** को **बुटका बाबा ईंग्लिस स्कुल** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५५/०१/३१ मा दर्ता भएको **प्रा. लि. नं. ८४७६** को **घिमिरे निर्माण सेवा प्रा. लि.** को मिति २०८३/०५/११ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: जिवन कुमार थापा, इजाजत पत्र नं. ६६३
ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०६६/०४/०८ मा दर्ता भएको **सेक मल्टिपर्पोज कम्पनी प्रा.लि. (प्रा.लि.नं. ६४२७५)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६६/११/२६ मा दर्ता भएको **प्रा.लि.नं. ७११७४** को **हेप्पी नेबर गेष्ट हाउस** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

बहराइनमा रोजगार
कम्पनी: BAHRAIN SERVICES & MAINTENANCE CO.B.S.C शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८३/०५/१६ चलानी नं.: ६०२६०५४६ LT. No.:347304

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब BD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CLEANER (GENERAL)	200	40	स. काममा दक्ष	100	४०३०८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २४ गते (9 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्ये जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

NICE RECRUITING AGENCY PVT. LTD. श्रम इ. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mobile: 9851056928, +977 970-4804943,
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com

---

Saudi मा रोजगार Al Askar Contracting
पूर्व स्वीकृती मिति: २०८३/०५/१६ चलानी नं. ६०२६०५७३ LT No.: 347238

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Heavy Truck Driver	3	काममा दक्ष	1800	७३,१००/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने, रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६/- कामदार आफैले	रु. १,५००/- कामदार आफैले	रु. ७,००/- कामदार आफैले	नि:शुल्क

अन्तरवार्ता २०८३ भाद्र २४ गते (9 Sept., 2026) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौंमा हुनेछ ।

[illegible]

कसमस नेपाल ह्यूम्यान रिसोर्स प्रा. लि. श्रम इजाजत नं. ७३३/०६४/०६५
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9802099984
9801199984, 9865728265, 9803269111, Contact Person : 9802099984
(Nirmal Rawal), Email: info@cosmosnepalhr.com

युएईमा रोजगार
कम्पनी: FITOUT JOINERY INTERIORS L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०५/११ चलानी नं.: ६०२६०५७८ LT. No.: 346648

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	helper-general	25	0	स. काममा दक्ष	1000	४१३८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २४ गते (9 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्ये जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

भिक्टोरी नेपाल प्रा. लि. श्रम इजाजत नं. ९११/०६७/०६८
सिनामंगल ९, ताराहल चोक, काठमाडौं, फोन नं: ०१४५९०२९६,
मोबाईल नं.: +977 985-1131229

युएईमा रोजगार
कम्पनी: BURJ AL MAJD BUILDING CONSTRUCTION शहर: AJMAN
पूर्व स्वीकृत मिति: २०८३/०५/१६ चलानी नं.: ६०२६०५५१ L.T. No.: 347343

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	BUILDING CONSTRUCTION WORKER	9	0	स. काममा दक्ष	1000	४१३८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २४ गते (9 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्ये जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

SKYLINE H.R SOLUTION PVT.LTD श्रम इजाजत नं. १८५७/०८२/८३
Samakushi, Kathmandu, Nepal Tel No : +977 01-5927470, 01-4978013

युएईमा रोजगार
कम्पनी: AL JABER SECURITY COMPANY L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०५/१५ चलानी नं.: ६०२६०५६४ L.T. No.: 347318

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guards (PSBD)	120	20	स. काममा दक्ष	2000	८२७६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २५ गते (10 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्ये जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

SUN LIGHT HUMAN RESORUCE PVT. LTD. Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३, 9802341585, 9700558336, 9864827296.

कतारमा रोजगार
कम्पनी : PURNIMA HOSPITALITY AND SERVICES शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/१०/०७ चलानी नं.: ६०२५१७८१ LT. No.: 337374 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Waiter	0	1	सम्बन्धित काममा दक्ष	1600	६६७०४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Supervisor	1	0		2500	१०४२२५							
3.	Cleaner General	2	0		1000	४१६९०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २४ गते (9 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्ये जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

Sky Star Recruitment Pvt.Ltd श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345,9861482956 (Sabbir Ahmed Hussain)
PO Box no: 19122, Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

---

कुवेतमा रोजगार
कम्पनी: VARARI GLOBAL LAUNDRY AND STEAM IRONING COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०५/१६ चलानी नं.: ६०२६०५४७ L.T. No.: 346684

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	car driver (light)	50	0	स. काममा दक्ष	140	६९२६७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २४ गते (9 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्ये जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

SHARON MANPOWER SERVICES PVT.LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901 Basant Rana : 9801026390
Govt Lic. No.: 647/063/064

साउदीमा रोजगारको अवसर
कम्पनी: Loss Prevention Commercial CO. शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८३/०५/१५ चलानी नं.: ६०२६०५५० L.T. No.: 347369

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Loading And Unloading Worker	1	0	स. काममा दक्ष	1500	६०७२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २४ गते (9 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वाद्ये जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

THE GURKHA RE-EMPLOYMENT PVT. LTD. श्रम इजाजत पत्र नं. ०५७/०५१/०५२
